मधेशदृष्टिमा
विज्ञापनका लागि
सम्पर्क नं.:
9808835198
9802592799
9803474311
9854028218

नजर हमर
राष्ट्रिय दैनिक
मधेशदृष्टि
Madheshdristi National Daily
www.emadheshdristi.com

वर्ष ३ • अंक ३१२ • २०८२ साल असोज २७ गते सोमबार • Monday 13, October 2025 • सूर्योदय: बिहान ०६:०३ बजे • सूर्यास्त: साँझ ५:३९ बजे • पृष्ठ ८ • मूल्य रु. ५/-

## दुर्घटनाका घाइतेको उपचार माग्दै राजमार्ग अवरुद्ध

**मधेशदृष्टि**
**महोत्तरी ।**
बर्दिवास–११ खयरमारामा गत असोज १७ गते भएको बस दुर्घटनाका घाइतेले उपचार नपाएको भन्दै पीडित पक्षले बीपी राजमार्ग बन्द गराएका छन् । सर्लाहीको घारीबथानबाट काठमाडौं आउँदै गरेको बीपी यातायात प्रालिको ना ६ ख १४६४ नम्बरको बस दुर्घटनामा परेपछि ६ जनालाई हेलिकप्टरमार्फत काठमाडौं लगिएको थियो । तर, बस सञ्चालक र यातायात व्यवसायी संघले समन्वय नगरेका कारण घाइतेको उपचार रोकिएको पीडित परिवारले आरोप लगाएका छन् । उपचार सुनिश्चित नगरेसम्म राजमार्ग नखोल्ने चेतावनी प्रदर्शनकारीले दिएका छन् । दुर्घटनामा २ जनाको मृत्यु र करिब ४० जना घाइते भएका थिए ।

# फुट्यो जनमत, नयाँ पार्टी ‘जनस्वराज’




**वीरेन्द्र रमण**
**जनकपुरधाम ।**
डा. सिके राउतको नेतृत्वमा रहेको जनमत पार्टी विभाजित भएको छ । पार्टीभित्र लामो समयदेखि असन्तुष्ट देखिएको समूहले निर्वाचन आयोगमा नयाँ दल दर्ताका लागि निवदेन दिएका छन् । उनीहरुले ५२ सदस्यीय कार्यकारिणी समितिमध्येबाट करिब १५ जनाको हस्ताक्षरसहित निर्वाचन आयोगमा नयाँ दल दर्ताका लागि निवदेन दर्ता गराएका छन् । पार्टीको प्रस्ताविक नाममा ‘जनस्वराज पार्टी’ राखिएको छ । चुनाव चिन्ह विद्यार्थीले बोक्रे झोला राखिएको छ । पार्टीको अध्यक्षमा दीपकुमार साहको नाम अघि सारिएको छ । साह यसअघि जनमत पार्टीका उपाध्यक्ष थिए । उनलाई पार्टीले कारबाही गरेपछि उनी पार्टी र अध्यक्षविरुद्ध मोर्चा खोलेर सक्रिय थिए ।
निर्वाचन आयोगको उपन्यायाधिवक्ता विष्णु पौडेलले जनमत पार्टीबाट विभाजन भएर नयाँ दल दर्ताका लागि निवेदन दर्ता भएको जानकारी दिए । उनले निवेदन दर्ता भएर नयाँ दलका लागि प्रारम्भिक कार्य थालनी गरिएको जानकारी दिए ।
‘जनमत पार्टीबाट विभाजन भएर नयाँ दल दर्ताका लागि निवदेन दर्ता भएको छ,’ पौडेलले भने, ‘दीपक साहको नेतृत्वमा दल दर्ताका लागि निवेदन आएको हो ।’ उनले भने, ‘उहाँहरुले २० प्रतिशत कार्यकारिणी समितिको हस्ताक्षरसहित निवेदन दिएका छन, हामीले हस्ताक्षरको विषयमा छानबिन गरिरहेका छौँ र भोलि सनाखत गराएर प्रक्रिया अघि बढाउने छौँ ।’
साहको नेतृत्वमा जनमत पार्टीका २० प्रतिशत केन्द्रीय सदस्यको हस्ताक्षरसहित नयाँ दल दर्ताका लागि निवेदन परेको हो । उपन्यायाधिवक्ता पौडेलले जनमत पार्टीका ५२ जना केन्द्रीय सदस्यमध्ये २० प्रतिशतको हस्ताक्षरसहित निवेदन आएको जानकारी दिए ।
तत्काल १५ सदस्यीय कार्यसमिति रहने गरी जनस्वराज पार्टी दल दर्ता गर्न निवेदन दिए पनि पछि पदाधिकारी र केन्द्रीय सदस्य थपिने एक नेताले बताए । साहले नयाँ दल दर्ताका लागि निवेदन दिएको बताए । उनले भने, ‘दल दर्ताको प्रक्रिया शुरू गरेका छौँ । निर्वाचन आयोगमा निवेदन दिएका छौँ, निर्णय हुन बाँकी छ ।’
साहले दल दर्ताको विषयमा निर्वाचन कार्यालयमा आएको र सोमबारसम्ममा दल दर्ता गराइने जानकारी दिए । उनले निर्वाचन आयोगमा दल दर्ताको विषयमा आवश्यक जानकारी लिएको बताउदै सोमबारसम्म दल दर्ता भएको औपचारिक रुपमा जानकारी दिने बताए । पार्टीका एक जना नेताका अनुसार, सोमबार प्रमाण पत्र पाउने र त्यसपछि मात्रै औपचारिक रुपमा जानकारी दिइने छ ।
एक जना नेताका अनुसार मुख्यमन्त्रीले विश्वासको मत लिने र उनी समेत पार्टीमा आउने भएपछि केही प्रदेश सभा सदस्यलाई आफ्नो पक्षमा राख्न आइतबारै निवदेन दिइएको हो । केही कागजात अपूरो रहेको र सोमबारसम्म सबै पूरा गर्ने समेत जानकारी उनले दिए ।
साहलाई पार्टी हितविपरीत काम गरेको भन्दै जनमत पार्टीले कारबाही गरेर केही दिनअघि पार्टीबाट निष्कासन गरेको थियो । साहका साथै तत्कालीन कोषाध्यक्ष सुरेन्द्र यादवलगायतका नेताहरूलाई कारबाही गरिएको जनमतले जनाएको थियो । यसका साथै अध्यक्ष राउतको कार्यशैलीप्रति असन्तुष्ट बन्दै हालसालै शीर्ष तहका ६ जना नेताले एकसाथ पार्टी छोडेका थिए ।
राउतलाई नेतृत्व छोड्न २४ घन्टे अल्टिमेटम दिएका उपाध्यक्ष अब्दुल खान, प्रवक्ता डा.शरदसिंह यादव, युवा संघका केन्द्रीय संयोजक सीके सिंह, सुदुरपश्चिम इञ्चार्ज राजाराम चौधरी र राष्ट्रिय परिषद् सदस्य विक्रमबहादुर बमले जनमत पार्टी परित्याग गरेका थिए ।

# मुख्यमन्त्रीले मङ्गलबार विश्वासको मत लिने



**जनकपुर ।**
मधेश प्रदेशका मुख्यमन्त्री सतिश कुमार सिंहले मङ्गलबार विश्वासको मत लिने भएका छन् । प्रदेशसभा सचिवालयका सचिव वासुप्रसाद कोइरालाले असोज २८ गते दिउँसो १ बजे बस्ने प्रदेशसभा बैठकमा मुख्यमन्त्रीले विश्वासको मत लिने कार्यक्रम रहेको जानकारी दिए ।
सचिवालयले आइतबार सूचना जारी गरी मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको पत्रानुसार नेपालको संविधानको धारा, १८८ को उपधारा (२) तथा प्रदेशसभा कार्य सञ्चालन नियमावली, २०७५ को नियम १४३ को (४) बमोजिम मुख्यमन्त्री सिंहले विश्वासको मत लिने प्रयोजनका लागि प्रदेशसभा बैठक सञ्चालनको आह्वान गरिएको जनाएको हो ।

# जसपा नेपालको प्रदेश अध्यक्षमा तीन जनाको दाबी




**मधेशदृष्टि**
**जनकपुरधाम ।**
जनता समाजवादी पार्टी नेपाल मधेश प्रदेशको पहिलो अधिवेशन सोमबारदेखि जनकपुरधाममा हुने भएको छ । पार्टीले गरेको पत्रकार सम्मेलनमा प्रदेश अध्यक्ष बालकिशोर प्रसाद यादवले परिवर्तित सन्दर्भमा संविधान संशोधन, जनसंख्याका आधारमा निर्वाचन प्रणाली तथा अधिकार र पहिचानको आन्दोलनको औचित्य थप पुष्टि गर्ने जानकारी दिए । उनले वडा, पालिका र जिल्ला अधिवेशनहरु सम्पन्न गरेर मधेश प्रदेश अधिवेशन हुन लागेको बताए । अधिवेसनमा

*बाँकी पृष्ठ २ मा*

# प्रशासकीय अधिकृतलाई मार्ने धम्की दिने सामान्य तारेखमा रिहा

*संजय ठाकुरविरुद्ध वीरगंज, आदर्शनगरका १६ जना जग्गाधनीले आपराधिक लाभ लिने उद्देश्यले ठगीको मुद्दा जिल्ला प्रहरी कार्यालयमा दर्ता गराएका छन् । यस्तो व्यक्ति किन सामान्य तारेखमा छाडियो भन्ने प्रश्न उब्जिएको हो ।*



**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंज महानगरपालिकाका कर्मचारीलाई ज्यान मार्ने धम्की दिने आरोपीलाई जिल्ला प्रहरी कार्यालय पर्साले सामान्य तारेखमा छाडेपछि प्रहरीको कामकारबाहीबारे संशय उत्पन्न भएको छ । आपराधिक लाभ (ठगी) सम्बन्धी मुद्दाका आरोपी सर्लाहीका संजय कुमार ठाकुर सामान्य तारेखमा रिहा भएका हुन् । उनले वीरगंज महानगरपालिकाका कर्मचारीलाई अपशब्द प्रयोग गर्दै ज्यान मार्ने धम्की दिएका थिए । महानगरको प्रहरीले नै नियन्त्रणमा लिएर उनलाई जिल्ला प्रहरी कार्यालयमा बुझाएको थियो ।
महानगरले प्रहरीलाई औपचारिक पत्र पठाउँदै ठाकुरले विभिन्न व्यक्तिका नाममा फर्जी (नक्कली) वारेसनामा बनाई वीरगंजका नागरिकलाई धम्काएर रकम असुल्ने कार्यमा संलग्न रहेको भनेर कारबाहीका लागि पठाएको थियो । तर उनी सामान्य तारेखमा रिहा भएपछि महानगरका कर्मचारीले प्रहरीको असहयोग महसुस गरेका छन् ।
ठाकुरविरुद्ध वीरगंज, आदर्शनगरका १६ जना जग्गाधनीले आपराधिक लाभ लिने उद्देश्यले ठगीको मुद्दा जिल्ला प्रहरी कार्यालयमा दर्ता गराएका छन् । यस्तो व्यक्ति किन सामान्य तारेखमा छाडियो भन्ने प्रश्न उब्जिएको हो ।
ठाकुरले न्यायालय, अख्तियार, राष्ट्रिय सतर्कता केन्द्र, प्रहरी र प्रशासनका उच्च तहका व्यक्तिहरू आफ्नो खल्तीमा धाक लगाउँदै ठगी गरेको पाइएको छ । महानगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत अरविन्दलाल कर्ण र नक्सा शाखा प्रमुख गौरव झामाथि समेत दुर्व्यवहार गरेका ठाकुर तारेखमा छाडिएपछि पर्सा प्रहरी प्रमुख सुदीपराज पाठकको कार्यशैलीबारे नै महानगरका कर्मचारीले प्रश्न गरेका छन् । ठाकुर तिनै व्यक्ति हुन् जसले वीरगंजका विभिन्न प्रतिष्ठित सम्पत्ति (स्काइलाइन महल, विभिन्न बैंक, होटल पुजन, सरोवर होटल, कन्टिइन होटल)मा किचलो पैदा गरी जग्गाधनीसँग बार्गेनिङ गर्दै हिँडेका थिए । सर्लाही, बलरा नगरपालिका वडा नं. ८ स्थायी घर भएका संजय कुमार ठाकुर नापी कार्यालयका पूर्व कर्मचारी हुन् । २०५३ सालमा सर्वेक्षक पदमा जागिर खाएका उनी अख्तियार दुरुपयोग अनुसन्धान आयोगले नक्कली शैक्षिक प्रमाणपत्र पेश गरेर अधिकृतमा पदोन्नति भएको भन्दै मुद्दा दायर गरेपछि राजीनामा दिएका थिए । २०५१ सालमा महन्थ ठाकुर कृषिमन्त्री भएका बेला सचिवालयमा काम गरेका उनी केही समय हुलाक कार्यालयमा करारका जागिरे थिए । नापी अधिकृतको जागिर छोडेपछि बेरोजगार ठाकुर विवादित घरजग्गाको कागजात बोकेर मालपोत, नापी, नगरपालिका र सम्बन्धित जग्गाधनीको घरदैलोमा पुग्ने अकुत कमाउने काममा संलग्न थिए ।
आफूलाई प्रहरी महानिरीक्षक (आइजिपी), मन्त्रालयका सचिव, सरकारी वकिल कार्यालय, अख्तियार दुरुपयोग अनुसन्धान आयोग, नापी, मालपोत र न्यायलयका उच्च तहका पदाधिकारीसँग राम्रो सम्बन्ध रहेको धक्कु दिने ठाकुर भारतीय दूतावासमा समेत पकड रहेको मीठा गफ दिन माहिर थिए ।
पछिल्लो समय उनी स्काइलाइन महल, पुरानो रेल्वे लाइनमा रहेको छपकैयास्थित ३२ कट्ठा जग्गा, सलाई फ्याक्ट्रीको जग्गा र जैन धर्मशाला नजिक रहेको प्रतिष्ठित उद्योगी अशोक कुमार वैदको जग्गामा किचलो सिर्जना गरी कमाउन क्रियाशील थिए । उनले स्काइलाइन महलका सञ्चालकसँग किचलो अन्त्य गर्न १ करोड रुपैयाँ मागेको पाइएको थियो ।

# नेपालको विश्वकपमा सम्भावना बलियो




मधेशदृष्टि
वीरगंज ।
आइसिसी टी–२० विश्वकप छनोटअन्तर्गत सुपर सिक्सको आफ्नो पहिलो खेलमा चीर प्रतिद्वन्द्वी संयुक्त अरब एमिरेन्ट्स (यूएई)माथि रोमाञ्चक जित निकाले नेपाली समुदाय हर्षित भएका छन् । यो जितसँगै नेपालले लगातार दोस्रोपटक विश्वकप खेल्ने सम्भावना बलियो बनाएको छ । नेपाल र यूएईलाई विश्वकपनजिक पुग्न आइतबारको खेल जित अनिवार्य आवश्यकता थियो ।
खेलमा यूएईलाई १ रनले पराजित गर्दै नेपालले सुपर सिक्समा ४ अंक बनाएको छ । नेपालले २ अंक समूह चरणमा जापानलाई हराउदा पाइसकेको थियो । सुपर सिक्सको पहिलो खेलमा कतारलाई ३४ रनले पराजित

*बाँकी पृष्ठ २ मा*

# नर्सरी व्यवसाय प्रवर्द्धन गर्न तिहार फ्लोरा एक्स्पो

**काठमाडौँ ।**
नर्सरी व्यवसायी सङ्घ नेपालले 'तिहारको उत्सव, फूलको महोत्सव' भन्ने नाराका साथ यस वर्ष पनि तिहार फ्लोरा एक्स्पो–२०८२ आयोजना गर्ने भएको छ । तिहारलाई लक्षित गरी फूल, बोटबिरुवा तथा नर्सरी व्यवसायको प्रवद्र्धनको उद्देश्यले यही असोज २८ गतेदेखि कात्तिक १ गतेसम्म एक्सपो आयोजना गर्न लागिएको सङ्घले जनाएको छ ।

सङ्घका उपाध्यक्ष तथा मेला संयोजक लक्ष्मी महर्जनले गत वर्षको तुलनामा यस वर्ष अझ व्यापक सहभागिता बढाउने किसिमले प्रचारप्रसार भइरहेको बताए । उनका अनुसार नर्सरी व्यवसायको विकास, विस्तार र प्रवर्द्धनसहित स्वच्छ वातावरणीय आम्दानी तथा रोजगारी सिर्जनालाई यस एक्स्पोको प्रमुख उद्देश्य बनाइएको छ ।

'वनस्पति र बोटबिरुवाको संरक्षण, पुनःरोपण र दिगो उपयोगका माध्यमबाट मानव र वातावरणबीचको सन्तुलन कायम गर्न नर्सरी व्यवसायीको भूमिका महत्वपूर्ण हुन्छ ।

यसका लागि सरकारी तथा गैरसरकारी निकायबीच सहकार्य आवश्यक छ,' संयोजक महर्जनले भने, 'नर्सरी व्यापारिक गतिविधि नभई मानव सभ्यताको संरक्षणसँग पनि सम्बन्धित विषय हो ।

वनजङ्गल र जैविक विविधता जोगाउन, हरियाली बढाउन र जलवायु सन्तुलनमा योगदान पुऱ्याउन नर्सरी व्यवसायीको योगदान छ ।'

सङ्घले नर्सरी व्यवसायलाई व्यवस्थित बनाउन राष्ट्रिय नीति, कानुनी व्यवस्था र अन्तरराष्ट्रिय व्यापार मापदण्डअनुसार अघि बढाउनुपर्नेमा जोड दिएको छ । साथै गुणस्तरीय बीउ, बिरुवा, वनस्पति संरक्षण र अनुसन्धानमा लगानी बढाउनुपर्ने सघले बताएका छन् । सङ्घले हालको राजनीतिक अनिश्चितता र अस्थिरताले व्यवसायी समुदायमा मनोबल कमजोर बनाएको भए पनि यस्तो परिस्थितिमा सबैपक्षले व्यावसायिक वातावरण निर्माणमा सहयोग गर्नुपर्नेमा जोड दिएको छ । महर्जनले भने, 'देशमा बढ्दो राजनीतिक अस्थिरताका कारण सिर्जिएको मनोवैज्ञानिक दबाबलाई कम गर्न व्यवसायीबीच सहकार्य र आत्मविश्वास बढाउनु जरुरी छ ।'रासस

# आधुनिक फोहर व्यवस्थापन केन्द्र सञ्चालनमा

**कञ्चनपुर ।**
शुक्लाफाँटा नगरपालिकामा आधुनिक एकीकृत फोहरमैला व्यवस्थापन केन्द्र सञ्चालनमा आएको छ ।
बजार तथा ग्रामीण क्षेत्रमा उत्सर्जन हुने फोहरमैला सङ्कलन गरेर केन्द्रमा ल्याइन्छ । केन्द्रमा रहेका सफाइकर्मीले कुहिने, नकुहिने र पुनःप्रयोग हुने फोहरलाई छुट्याएर राख्छन् । केन्द्रमा सङ्कलित फोहरलाई वर्गीकरण गरेपछि कुहिने फो◌ेहरबाट कम्पोस्ट मल उत्पादन गरिन्छ भने पुनःप्रयोग गर्न सकिने फोहरलाई कबाडीमा बिक्री गरिन्छ । ३० करोड २५ लाख रुपैयाँ लगानीमा निर्माण भएको फोहर व्यवस्थापन केन्द्र तीन दशमलव नौ हेक्टर क्षेत्रफलमा फैलिएको छ । करिब छ मेट्रिकटन क्षमता भएको केन्द्रमा अहिले दैनिक दुईदेखि तीन मेट्रिकटन मात्रै फोहर सङ्कलन भइरहेको एकीकृत फोहर व्यवस्थापन केन्द्रका इन्जिनियर जयन्त भट्टले जानकारी दिए । 'यो फोहरमैला व्यवस्थापन मात्रै नभएर प्रशोधन केन्द्र पनि हो, बजारबाट आउने विभिन्न फोहरलाई यहाँ वर्गीकरण गरिन्छ,' भट्टले भने, 'थोरैभन्दा थोरै फोहर सेलमा राखेर माटोले पुरिन्छ यसले वातावरणलाई असर गर्दैन ।'
बिहान फोहर सङ्कलक गाडी नगरको सहरी र ग्रामीण क्षेत्रमा डुलेर फोहर सङ्कलन गरेर ल्याउने यहाँले बताए । केन्द्रमा कुहिने, नकुहिने र पुनःप्रयोग हुने फोहरलाई छुट्याएर राखिने र कुहिने फोहरबाट 'कम्पोष्ट' मल तयार गरेर बिक्री गरिने योजना रहेको इञ्जिनियर भट्टले बताए । यसले वातावरण स्वच्छ राख्न र फोहरमैलाको उचित व्यवस्थापनमा मात्रै नभई स्थानीयमा रोजगारीको अवसर पनि सिर्जना गरेको छ ।
निर्माणको काम सम्पन्न भएपछि गत भदौदेखि फोहरमैला व्यवस्थापन केन्द्र सञ्चालनमा ल्याइएको निर्माण कम्पन्नी रमन केएस जेभीका साइट इञ्चार्ज उद्धवसिंह साउदले जानकारी दिए । 'हरेक दिन बिहान हामीले बजारबाट फोहर सङ्कलन गर्छौं, यहाँ 'रिसाइकल' हुन्छ,' उनले भने, 'चाहिने फोहर छुट्याएर राख्छौँ, काम नलाग्ने फोहर सेलमा जम्मा गरिन्छ ।'
फोहरमैला व्यवस्थापन केन्द्रमा १० वटा फोहर सङ्कलन गर्ने साधन छन् । आठ जना सरसफाइ कर्मचारी राखिएको छ । एसियाली विकास बैंक (एडिबी)को आर्थिक सहयोगमा एकीकृत फोहोर मैला व्यवस्थापन केन्द्र निर्माण भएको हो । रमन केएस जेभी धनगढीसँग २०७९ वैशाख २५ मा निर्माण सम्झौता भएको थियो । फोहरमैला व्यवस्थापन केन्द्रको क्षमता छ मेट्रिक टन रहेको भए पनि अहिले दैनिक क्षमताको आधा मात्रै फोहर सङ्कलन भइरहेको छ । शुक्लाफाँटामा सञ्चालनमा आएको एकीकृत फोहर व्यवस्थापन केन्द्र कञ्चनपुरको पहिलो हो । यस्तै, फोहर व्यवस्थापन केन्द्र भीमदत्तमा पनि निर्माण गर्ने तयारी भए पनि त्यसका लागि स्थान नपाउँदा परियोजना फिर्ता भएको छ । स्थानीयले फोहर व्यवस्थापन केन्द्र निर्माण गर्दा त्यसले वातावरण प्रदूषित हुने भन्दै विरोध गरेपछि परियोजना फिर्ता भएको हो ।
फोहरमैला व्यवस्थापन केन्द्रमा कुहिने फोहरबाट मलखाद बनाइने र नकुहिने तर पुनःप्रयोग गर्न सकिने वस्तु प्रशोधन गरिने भएकाले यो वातावरणीय प्रदूषण न्यूनीकरण गर्न र स्थानीयस्तरमा आम्दानीको स्रोतसमेत बनेको छ ।रासस

# रातका समयमा बस्तीलाई सुरक्षा चाहियोः राउटे

**सुर्खेत ।**
राउटे समुदायमा त्रास सृजना गर्ने एक युवालाई राउटे समुदायका युवाहरूले यही असोज २४ राति नियन्त्रणमा राखे । सुर्खेतको लेकबेँसी नगरपालिकाका ती युवकले मदिरा सेवन गरी रातिका समयमा राउटेबस्तीमा छिरेका थिए ।
शनिबार बिहान ती समुदायका युवाहरूले नजिकैको प्रहरीलाई खबर गरी ती युवालाई प्रहरीको जिम्मा लगाएका थिए । त्रास सिर्जना गर्ने युवाकलाई आवश्यक अनुसन्धान अगाडि बढाइएको जिल्ला प्रहरी कार्यालयका प्रवक्ता मोहनजङ्ग बुढ्थापाले जानकारी दिए ।
पछिल्लो समय बाह्य व्यक्तिहरूको अनाधिकृत प्रवेशले राउटे समुदायले असुरक्षित महसुस गर्न थालेका जनाइएको छ । आफ्नै जीवन्त रीतिरिवाज र वेशभूषामा जङ्गलमा बस्दै आएका उनीहरुका बस्तीमा जथाभावी बाह्य व्यक्तिहरूको प्रवेशले असुरक्षित बन्न थालेका हुन् । विभिन्न बहानामा राउटे बस्तीमा जाने र त्यहाँ विभिन्न अवाञ्छित क्रियाकलाप गर्ने प्रवृत्ति बढेको उनीहरुको भनाइ छ ।
कर्णालीका विभिन्न ठाउँमा फिरन्ते रूपमा जीवन बिताउँदै आएका राउटे समुदाय माथि केही वर्ष अगाडि पनि अवाञ्छित काम गर्ने केही व्यक्तिलाई प्रहरीले कारबाही गरेको थियो । राउटे समुदायका युवा दीपक शाही भने, 'बाहिरबाट बिनाकाममा बस्तीभित्र आउने गर्दा आफूहरुलाई असहजता बनाएको छ । रातिमा बस्तीभित्र बाहिरका मानिस आउन थालेपछि झनै असुरक्षित हुन थालेको छ, हामीलाई सुरक्षा चाहियो । हिजोमात्र हाम्रो बस्तीमा रक्सी खाएर एक जना मान्छे आएर हल्ला गर्यो । अरु बेलामा पनि जथाभावी मानिसहरू आउँदा हामी त्रासमा छौँ ।' उनले दिउँसोको समयमा राउटे बस्तीमा आए पनि रातको समयमा मादक पदार्थ सेवन गरेर नआउन आग्रह गरे ।
यस्तै, राउटे समुदायको रेखदेखका लागि काम गर्दै आएका सोसेकका दुर्गा खत्रीले पनि पछिल्लो समय राउटे समुदायमा सुरक्षा चुनौती थपिएको जनाउँदै बस्तीको लागि प्रहरी खटाउन आवश्यक रहेका औँल्याए । राउटे बस्तीमा प्रहरी चाहिएको अवस्था छ । उनले भने, 'यहाँ बाहिरको मानिसहरू धेरै आउने, भिडियो बनाउनेसँगै रातिको समयमा गलत मानिसहरूको प्रवेश बढ्दै जाँदा राउटेको सुरक्षा जोखिम बढ्दो छ ।'
उनले राउटेहरूलाई भत्ताको सट्टा राशन दिनुपर्ने जनाउँदै भत्ताका रूपमा रकम दिँदा उनीहरू मदिराको लतमा फस्दै गएकाले उनीहरूको स्वास्थ्यमा प्रतिकूल असर परिरहेको बताए । यसले पनि राउटेहरूको सुरक्षामा चुनौती थपिएको बताए ।

राउटे समुदायमा भाइरल ज्वरोको सङ्क्रमण

केही दिनदेखि राउटे समुदायमा भाइरल ज्वरोको सङ्क्रमण बढ्दै गएको पाइएको छ । सुरुमा दुई जनामात्रै बिरामी परेकामा पछिल्लो एक हप्ता २५ जना बिरामी परेका छन्◌् । उनीहरूले डेङ्गलगायतका अन्य चेकजाँच गर्न नदिने गरेको भन्दै प्राथमिक उपचारमात्र गर्ने गरिएको राउटे समुदायको उपचारका लागि खटिनुभएका स्वास्थ्यकर्मी अनुजा पन्त बताउछन् ।
'अहिले राउटे बस्तीमा ज्वरोको सङ्क्रमण बढ्दो छ, पछिल्लो एक हप्तादेखि २५ जनाभन्दा बढी बिरामी पर्नुभएको छ, उहाँहरूले डेङ्गु चेकजाँच गर्न दिनुहुन्न । हामीले प्राथमिक उपचारमात्र गरेका छौँ । अन्य समस्या चेकजाँच गर्नका लागि उहाँहरू 'कन्भिन्स' हुनुहुन्न ।'

संख्या लगातार घट्दै

राउटे समुदायको संख्या लगातार घटिरहेको छ । राष्ट्रिय मानवअधिकार आयोगले गरेको अध्ययन २०८१ को प्रतिवेदनले पनि राउटे समुदायको संख्या लगातार घट्दो क्रममा रहेको देखाउँछ ।
प्रतिवेदनमा २०७५ सालमा एक सय ४९ रहेको राउटेको जनसंख्या १५ माघ २०८१ सम्म आइपुग्दा घटेर एक सय ३५ मा झरेको छ । विसं २०७५ मा एक सय ४९ रहेको राउटेको संख्या एक जनाले घटेर २०७६ मा एक सय ४८ भयो । २०७७ मा फेरि तीन जनाको मृत्युपछि एक सय ४५ मा झरेको यो समुदायको संख्या २०७८ मा आउँदा एक सय ४४ मा झर्यो ।
अहिले यो समुदायको संख्या एक सय ३५ मा सीमित हुनपुगेको छ । यो समुदायको संख्या घट्नुका विभिन्न कारण रहेको विज्ञहरू बताउँछन् । उनीहरूका अनुसार यो समुदायको जनसंख्या घट्नुको पछाडि सामाजिक मूल्य, मान्यता प्रमुख कारण छ ।
राउटे समुदायको उत्थानका लागि काम गर्दै आएको गैरसरकारी संस्था सोसेक नेपालका कार्यकारी प्रमुख हीरासिंह थापा भने, 'राउटे समुदायमा कल्याल, रास्कोटी र सोवंशी गरी तीनवटा समुदाय छ, एउटै समुदायका केटा र केटीको विवाह नहुने सामाजिक परम्परा भएका कारण धेरै युवायुवतीहरू विवाह नगरेर बसेको अवस्था छ । अर्को परम्परा भनेको श्रीमान्को मृत्युपछि जतिसुकै उमेर समूहका महिला भए पनि एकल भएर बस्नुपर्ने बाध्यता छ ।'
उनले थपे, 'अहिले एकल महिला २३ जना छन्◌्, तीमध्ये अधिकांश २० देखि ३० वर्ष उमेर समूहका छन्◌् । उनीहरूले अर्को विवाह गर्न पाउँदैनन्, प्रजनन उमेरका महिलाहरू बच्चा जन्माउनै नपाएपछि कसरी संख्या बढ्छ ।'
प्रमुख थापाले राउटे समुदायमा युवाहरूको संख्याभन्दा ज्येष्ठ नागरिक र बालबालिकाको संख्या धेरै रहेको बताउछन् । उनी भन्छन्, राउटे समुदायको जनसंख्या घट्नुको अर्को कारण अत्यधिक मदिराको सेवन हो, मदिराको सेवनले गर्दा उनीहरू भिरबाट लडेर मृत्यु हुने समस्या बढ्दै गएको छ ।
राष्ट्रिय मानवअधिकार आयोगले दिएको प्रतिवेदनलाई आधार बनाएर तीनै तहका सरकारहरूले राउटे संरक्षणसम्बन्धी योजना बनाउनुपर्ने उनको सुझाव छ । आयोगले सिधैँ रकमको साटो आवास, खाद्यान्न, पोषण, लत्ताकपडा र शिक्षा उपलब्ध गराउने विधि प्रयोग गरी कार्यान्वयन गर्न जरुरी रहेको बताएको छभने बाहिरी आधुनिक दुनियाँले उनीहरूको सभ्यतामा हस्तक्षेप गरेको भन्दै नियन्त्रण गर्न आवश्यक रहेको निष्कर्ष निकालेको छ ।
राष्ट्रिय मानवअधिकार आयोगको अध्ययनमा समेत राज्यको यथोचित ध्यान पुग्न नसक्नु, कमजोर जनस्वास्थ्य, कुपोषण, उपचारमा पहुँच नहुनु÷नराख्नु, प्रजनन स्वास्थ्य अभाव, गुणस्तरहीन परम्परागत आवासमा बसोबास, मौसमअनुकूल लत्ताकपडा अभाव, स्वच्छ खानेपानी तथा सरसफाइको अभावजस्ता कारणले राउटेको जनसंख्या ऋणात्मक बन्दै जान थालेको उल्लेख छ ।
आयोगका कर्णाली प्रदेश संयोजक मानबहादुर कार्की भने 'राउटे समुदाय जीवन चलाउने भनेर सरकारले भत्ता दिने गर्यो, उनीहरूको जीविका चलाउन सहज होस् भनेर सरकारले भत्ता त दियो । तर त्यो भत्ताको प्रयोग उनीहरूले आफ्नो खानपानभन्दा पनि मदिरा सेवनमा प्रयोग गर्ने गरेको पाइयो । यसले गर्दा उनीहरूको मृत्यु धेरै भएको देखिन्छ । यहीमात्र कारण त नहोला तथापि अन्य कारणले पनि उनीहरूको संख्या घटिरहेको छ ।'
उनीहरूको स्वास्थ्य अवस्था पनि बिग्रँदै गएको भन्दै तीनै तहका सरकारले मुख्यगरी उनीहरूको संरक्षणका लागि नयाँ योजना बनाउनुपर्ने सुझाव कार्कीको छ ।
'उनीहरू स्वास्थ्य समस्या भइहाले उपचार गर्न नमान्ने, कडा खालको मदिराको सेवन गर्ने, पोषिलो खानाको कमी तथा विभिन्न कारणले मृत्युवरण गर्नुपर्ने यो समुदायको समस्या छ । त्यसका साथै सामाजिक परम्परा पनि छन् जनसंख्या घट्नुको कारण छन् । त्यसैले सरकारले नयाँ योजना बनाएर यो समुदायको संरक्षणमा लाग्न सुझाव दिन्छु,' कार्की भने । पछिल्लो समय बढ्दो असुरक्षाले उनीहरूको मानवअधिकारसमेत हनन हुने सम्भावना बढेको उनको भनाइ छ ।
कर्णाली प्रदेश सरकारले भने उनीहरूका लागि राउटे करिडोर निर्माण गरी विभिन्न संरक्षणका योजना अगाडि सारेको छ ।रासस




# जसपा नेपालको प्रदेश ...

५ सय प्रतिनिधि र १ सय पर्यवेक्षक सहभागी हुने छन् ।
जनकपुरधामको महेन्द्र नारायण निधि मिथिला संस्कृति केन्द्रमा हुने अधिवेशन हुने छ । जसमा नयाँ नेतृत्वको समेत चयन गर्ने छ । अधिवेशनमा अहिलेसम्म तीनजनाले उम्मेदवारी घोषणा गरेका छन् । अध्यक्षमा वर्तमान अध्यक्ष बालकिशोर प्रसाद यादव, पूर्वमन्त्री ज्ञानेन्द्रकुमार यादव र पूर्वमन्त्री योगेन्द्र यादवले उम्मेदवारी घोषणा गरेका छन् । जनकपुरधामस्थित महेन्द्र नारायण निधि मिथिला संस्कृति केन्द्रमा हुने अधिवेसनमा एक अध्यक्ष, ३ उपाध्यक्ष, एकजना मुख्यसचिव, ३ जना सचिव र एकजना कोषाध्यक्ष तथा बाँकी सदस्य चयन हुने अध्यक्ष यादवले बताए ।
उनका अनुसार चयन हुने समितिको १५ प्रतिशत सदस्य पछि मनोनयन हुनेछ । जसपाको वर्तमान प्रदेश अध्यक्ष बालकिशोर प्रसाद यादवले पनि प्रदेश अध्यक्षमा दाबी गरेका छन् । संगठन सुद्दढ गर्न, संकटबाट रक्षा गर्न आफू उम्मेदवार बन्ने उनले बताए । संविधान संशोधनसहितको प्राप्त उपलब्धी रक्षा गर्न र थप उपलब्धी हासिल गर्न उम्मेदवारी दिने उनले बताए । उनी केन्द्रीय कार्य समिति सदस्य र ट्रेड युनियन राष्ट्रिय अध्यक्ष भइसकेका छन् । अध्यक्षमा वर्तमान अध्यक्ष यादव, मधेश प्रदेशका पूर्व राज्यमन्त्री योगेन्द्र यादवले उम्मेदवारीको घोषणा गरिसकेका छन् भने पूर्वमन्त्री ज्ञानेन्द्रकुमार यादव पनि आन्तिरक कसरत गरिरहेका छन् । योगेन्द्र यादवले उम्मेदवारी घोषणा गरिसकेको र मत माग्न जिल्ला दौडमा रहेको बताए । विगतको आन्दोलनबाट उठाइएको केही माग अझै पूरा नभएको हुनाले त्यसतर्फ पार्टीलाई सक्रिय बनाउन उम्मेदवारी दिन लागेको बताए । प्रदेश अधिवेशन समापनमा जनकपुरधाम घोषणापत्र जारी गरिने प्रदेश अध्यक्ष यादवले जानकारी दिए ।
मधेश प्रदेशमा बलियो पकड भएको जनता समाजवादी पार्टी नेपालको अधिवेशन प्रतिनिधि, वडा स्तरबाट छनौट भएर आउन लागेका छन् । ५० जना पार्टी सदस्यमा एक जना प्रदेश प्रतिनिधि छनौट हुने पार्टीको विधान रहेको पत्रकार सम्मेलनमा जानकारी दिइएको छ ।

# नेपालको विश्वकपमा सम्भावना...

गर्दै ओमानले अंक तालिकामा ४ अंक बनाउँदै शीर्ष स्थानमा छ ।
ओमानसँगै समान ४ अंक भए पनि नेपाल नेट रनरेटमा पछि पर्दै दोस्रो स्थानमा छ । नेपालसँग पराजित भए पनि २ अंक भएको यूएई तालिकाको तेस्रो स्थानमा छ ।
एसोसियट एल क्लासिको भिडन्तमा नेपालले दिएको १ सय ४१ रनको लक्ष्य पछ्याएको यूएईले निर्धारित २० ओभरमा ९ विकेटको क्षतिमा १ सय ३९ रन मात्र बनाउन सक्यो । यूएईका लागि अलिसान सराफुले सर्वाधिक ५८ रनको योगदान दिए पनि टोलीको हार टार्न सकेनन् । ४० बलमा ३ चौका र ५ छक्का प्रहार गरेका अलिसान दिपेन्द्र सिंह ऐरिको बलमा बोल्ड आउट हुन पुगे ।
ओपनर जोनाथन फिजी १९ रनमा पेभेलियन फर्के । ध्रुभ परासनले ३२ रन बनाए । १९ औँ ओभरको अन्तिम बलमा ध्रुभ परासरले नन्दन यादवलाई छक्का प्रहार गरेपछि नेपाल दबाबमा आएको थियो ।
यद्यपि अन्तिम ओभरको तेस्रो बलमा सरासरले दिपेन्द्र सिंह ऐरिलाई छक्का हानेपछि नेपाल हारनजिक पुगेको थियो तर चौथो बलमा सन्दीप जोराले परासरलाई क्याच आउट गराउँदै पेभेलियनको बाटो देखाए । पाचौँ ओभरमा हैदर अलीलाई सन्दीप जोराले रन आउट गराएपछि नेपालले केही राहत महसुस गरेको थियो । ओभरको अन्तिम बलमा जैद अली रन आउट भएपछि नेपालले युएईमाथि रोमाञ्चक जित निकालेको हो ।
नेपालका लागि दिपेन्द्र सिंह ऐरिले ३ विकेट झारे । सोमपाल कामी, गुल्सन झा र सन्दीप लामिछानेले समान एक विकेट आफ्नो नाममा गरे । ओमानको अल एमिरेट क्रिकेट मैदानमा टस जितेर ब्याटिङ गरेको नेपालले निर्धारित २० ओभरमा ६ विकेटको क्षतिमा १ सय ४० रनको योगफल तयार पारेको थियो । पहिलो विकेटका लागि ओपनर आशिफ शेख र कुशल भुर्तेलले ७.५ ओभरमा ५६ रनको साझेदारी गर्दै नेपाललाई उत्कृष्ट सुरुवात दिलाएका थिए । २६ बलमा २ चौका र २ छक्का सहयोगमा २८ रन बनाएका कुशल भुर्तेल हर्सित कौशिकको बलमा एलबीडब्लू धरापमा परे । १९ बलमा १ चौका सहयोगमा २० रन बनाएका कप्तान रोहित पौडेल मुहम्मद रोहिदको बलमा क्याच आउट हुन पुगे । आशिफ शेख ५१ रन बनाउँदा ध्रुभ पारासरको बलमा बोल्ड आउट भए। ४७ बलमा ४ चौका र १ छक्का हानेका आशिफ १६ औँ ओभरमा पेभेलियन फर्के ।
दिपेन्द्र सिंह ऐरि १ रनमा क्याच आउट भए । गुल्सन झा ५ बल २ चौका र १ छक्का सहयोगमा १४ रन बनाउँदा क्याच आउट नै हुन पुगे । १८ औँ ओभरमा गुल्सनले पहिलो बल डट राखे । दोस्रो बलमा चौका, तेस्रो बलमा छक्का र चौथो बलमा चौका प्रहार गरे। तर पाचौँ बलमा क्याच आउट हुन पुगे । कुशल मल्ल १० रन बनाउँदा क्याच आउट नै भए । सन्दीप जोरा ४ र सोमपाल कामी ६ रनमा नटआउट रहे । यूएईमाथि रोमाञ्चक जित निकाल्न अलराउण्डर दिपेन्द्र सिंह ऐरि नायक बने ।

# नौ वटा पालिकामा दुई हजार हेक्टर धानबाली नष्ट

**जलेश्वर ।**
अघिल्लो आइतबार र सोमबार रातो नदीको तटबन्ध भत्किएर आएको भीषण बाढीले नौ पालिकामा मात्रै करिब दुई हजार हेक्टरमा लगाइएको धानबाली नष्ट भएको छ । कृषि ज्ञान केन्द्रका प्रमुख देवानन्द यादवका अनुसार जिल्लाका १५ पालिकामध्ये अहिलेसम्म नौ पालिकाबाट मात्रै प्राप्त विवरणअनुसार बाढीले करिब दुई हजार हेक्टर जमिनमा लगाइएको धानबाली डुबाएर नष्ट भएको छ ।



उनका अनुसार अहिलेसम्म प्राप्त भएको विवरणअनुसार जिल्लाको महोत्तरी गाउँपालिकामा सबैभन्दा बढी ६०० हेक्टर, बलवा नगरपालिकामा ५०० हेक्टर, मटिहानी नगरपालिकामा ३०० हेक्टर, एकडारा गाउँपालिकामा ३०० हेक्टर, लोहारपट्टी नगरपालिकामा १०० हेक्टर, भङ्गाहा नगरपालिकामा ८६ हेक्टर, औरही नगरपालिकामा २३ हेक्टर, गौशाला नगरपालिकामा २० हेक्टर र सोनमा गाउँपालिकामा १० हेक्टर गरी एक हजार ९३९ हेक्टर जग्गामा लगाइएको धानबाली नष्ट भएको छ । त्यसैगरी, ती पालिका बाढीले गर्दा नै एक हजार २९० हेक्टर उखुबाली, ६३६ हेक्टर तरकारी बाली र १५३ हेक्टर जग्गामा लगाइएको दलहन बाली नष्ट भएको कृषि ज्ञान केन्द्रले जनाएको छ । उखुबालीमा सबैभन्दा बढी सोनमा गाउँपालिकामा ८७५ हेक्टर र तरकारी बालीमा सबैभन्दा बढी मटिहानी नगरपालिकामा १०० हेक्टर क्षति भएको जनाइएको छ । रातो नदीको तटबन्ध भत्किएर जिल्लाका १० नगरपालिका र पाँच गाउँपालिका नै प्रभावित हुनेगरी जिल्लामा भीषण बाढी आएको थियो । त्यसले कृषि क्षेत्रमा ठूलो क्षति पु¥याएको छ ।

कृषि ज्ञान केन्द्रले बाढीबाट कृषि क्षेत्रमा भएको क्षतिको विवरण प्रत्येक पालिकाबाट माग गरेकामा अहिलेसम्म नौ पालिकाले मात्रै क्षति विवरण उपलब्ध गराएको छ ।

# जनकपुरधाममा मधेश अस्पताल शुभारम्भ

**जनकपुरधाम ।**
मधेश प्रदेशको राजधानी जनकपुरधामस्थित वडा नं १३ मा जनकपुर मधेश अस्पताल सञ्चालनमा आएको छ । स्वास्थ्योपचारसम्बन्धी अत्याधुनिक सुविधा र दक्ष एवम् अनुभवी चिकित्सक तथा गुणस्तरीय स्वास्थ्योपचार र आधुनिक ल्याबको व्यवस्था रहेको अस्पतालको रामानन्दीय श्री वैष्णव सङ्घका अध्यक्ष रामरोशन वैष्णवले शुभारम्भ गरे ।

उनले पर्यटकीय एवम् धार्मिकस्थल जनकपुरधाममा अस्पतालले स्वास्थ्योपचारका क्षेत्रमा गुणस्तरीय सेवा दिएर उदाहरणीय बन्नुपर्ने विचार व्यक्त गरे ।

अस्पतालमा २४सै घण्टा आकस्मिक सेवा, दैनिक ओपिडी सेवा, स्त्री तथा प्रसूति रोग उपचार, जनरल सर्जरी तथा ल्याप्रस्कोपी, सर्जरी, बालरोग, जनरल फिजिसियन सेवाका साथै दन्त उपचार, आँखा उपचार, छाला, नाक, कान, घाँटी, हाडजोर्नी तथा नसाको उपचार र मानसिक रोग उपचारलगायत सेवा उपलब्ध रहेको अस्पतालका सञ्चालक चेतनारायण यादवले जानकारी दिए ।

साथै, अस्पतालमा अत्याधुनिक प्याथोलोजी, भिडियो एक्स–रे सेवा र २४सै घण्टा एम्बुलेन्स सुविधा उपलब्ध रहेको उनले बताए ।

# प्राकृतिक विपत्ति बिर्सँदै चाडपर्वको तयारीमा मैथिल

**महोत्तरी ।**
अविरल वर्षासँगै बाढी र डुबान खेप्दै दशहारा (दशैँ) पर्व सकेका मधेशको महोत्तरीसहितका मिथिला क्षेत्रका बासिन्दा प्राकृतिक विपत्तिलाई बिर्सँदै दीपावली र छठसहितका मुख्य पर्वको तयारीमा जुटेका छन् । दीपावलीमा बस्तीका सडक, ढल सरसफाइ गर्दै घर सिङ्गार्ने मैथिल परम्पराअनुसार यतिखेर यहाँका बस्तीबस्तीमा पर्वको उल्लास छाउँदो छ । सबै घरघरमै जसो दीपावली र त्यसलगत्तै आउने निष्ठाको पर्व छठको तयारी देखिँदो छ । उज्यालोको पर्व मानिने दीपावली र छठको तयारीले अहिले मिथिला क्षेत्र पर्वमय बन्दो देखिँदैछ ।

'दशहारा त बाढी, डुबानबीचमै बित्यो, मन खोलेर रमाइलो गर्न पाइएन ।

वर्ष दिनमा आउने पर्व हुन्, अब दीपावली र छठ राम्ररी मनाउन पाइयोस् भन्ने छ,' घररङरोगनमा व्यस्त भङ्गाहा–५ कटैयाकी ६० वर्षीया रामराजी यादव भन्छन्, 'काममै दलिएर भए पनि रमाउने भनेको चाडपर्वमै हो ।' बस्तीबस्तीमा राष्ट्रिय महत्वका यी पर्वको तयारीले मिथिला क्षेत्रमा अहिले चहलपहल निकै बढेको छ ।

कार्तिक कृष्ण त्रयोदशीका दिन 'धनतेरस' मनाएर शुरु गरिने मिथिलाको दीपावली पर्व कात्तिक शुक्ल द्वितीयाका दिन 'भैयादुज' मनाएर सम्पन्न गर्ने परम्परा छ । दीपावलीमा घरगाउँ झिलीमिली बनाउने यहाँको स्थापित परम्पराले केही दिन अगाडिदेखि नै पर्वको तयारी शुरु हुने गरेको छ । कार्तिक कृष्णपक्षको एकतिहाइ कटिसक्दा अब पर्वले छ्यप्पै छोपेको मैथिल बताउँछन् । दीपावली र छठमा पूजाका सामग्री राखनधरनका लागि माटो मुछेर बनाइएका र बाँसको कप्टेराले बुनिएका नयाँ भाँडाको प्रयोग गरिने चलन छ । मैथिल यस प्रयोजनका लागि आवश्यक पर्ने माटाका तौला, छ्याँची, कलशको अंखोरा, दीपमालिका गरिने दियौरी तथा बाँसको कप्टेराले बुनिएका ढाकी, छिटी, नाङ्लो, चाल्नोसहितका सामानको जोहोमा लागेका छन् । 'पवनी (पर्व) त अब आइ नै सक्यो माटाका भाँडा बनाउने कुम्हाल र बाँसको कर्ची (कप्टेरा)ले छिटीसहितका सामग्री बुन्ने बिनहरूसँग सम्पर्क गरेर टुङ्गो गरिसकेकी छु,' मटिहानी–९ बहुअर्बाकी गृहिणी उषा ठाकुर भन्छन्, 'अब घर लिपपोत र रङरोगन थालिहाल्नु छ ।' पर्वको तयारीसँगै बाढीले लडाएका धानका बोट उठाउने, तरकारी बाली स्याहार्ने धमाधमले यतिखेर मैथिल व्यस्त देखिन्छन् । खासगरी तरकारीखेतीका किसानलाई भ्याइनभ्याइ छ ।

'चाडपर्वले छोपिसक्यो, कामहरू भ्याइनभ्याइ छन्,' भङ्गाहा–४ का किसान गङ्गाराम महतो भन्छन्, 'भाण्टा र भिण्डी (रामझिगनी) दुईदुई दिनको पालोमा टिपेर बजार लानपर्छ, एक दिन ढिला भए छिप्पिन्छ ।' चाडपर्वको मेसो पनि यिनै फसल बेचेर त मिलाउन पर्नेहुँदा झन् बढी व्यस्त हुनुपरेको महतोको भनाइ छ । मैथिलका खेतीपातीदेखि सबै व्यावसायिक काम अहिले पर्वकेन्द्रित बनेका छन् ।

यहाँ बर्खेधान खेतमा पाकेर पहेँलपुर छ । यो धान दीपावलीअघि थन्क्याइसक्नुपर्ने हुन्छ । दीपावली र छठका लागि बजार लगिनुपर्ने तरकारी बालीको स्याहार किसानको नियमित तालिकाकै काम हुन् । दीपावली र छठमा कतिपय कृषिउपज विधिमै उपयोग गरिने परम्पराले किसान अहिलेदेखि नै त्यसको तारतम्य मिलाउन लागिपरेका छन् । खासगरी छठमा उखुका लाँक्रा, अदुवा, बेसारका गानो र पातसहितका बोट, ज्यामिर र अन्य कन्दमूल पूजा सामग्री नै हुन्छन् । छठताका यिनको माग र बिक्री राम्रो हुने भएपछि थोरै करेसाबारी हुने गरिबका उत्पादनले पनि बजार पाउँछन् ।

यसैगरी बाँसको चोया र कप्टेराले बुनिने डाला, छिटी, नाङ्लो र चाल्नोसहितका राखनधरनका सामग्री बनाउने बिन र डोम समुदायलाई अहिले कामको चटारो छ । यसैगरी माटाका भाँडा बनाउने कुम्हाल रातदिन नभनी काममा जुटेका छन् । अब अन्य बेला कम प्रयोग हुने यस्ता भाँडा दीपावली र छठमा मात्र बिक्री हुनेहुँदा अहिले यिनीहरूको व्यस्तता बढेको हो ।

ससाना नानीहरूको रहर मेट्न पनि अभिभावकले दीपावली र छठ भनेर थुमथुम्याएका हुन्छन् । यसले बालबालिका र किशोरकिशोरी यो चाड कहिले आउँला भनेर पर्खेका हुन्छन् । उमेरले १५ वर्ष नाघेका किशोरकिशोरी रमाइलोका लागि पिङ बनाउने र चङ्गा उडाउने तयारी गर्दैछन् । पर्वको उमङ्ग किशोरवय टेक्दै गरेका बालबालिका, किशोर र युवामा बढी देखिँदो छ । बस्तीबस्तीमा सडक, ढल सरसफाइमा बस्तीका बासिन्दा आफैँ जुटेका छन् । जताततै पर्वले मिथिला उमङ्गित देखिएको छ ।

# बिरामी परेपछि उपचारमा रकम अभाव

**मधेशदृष्टि**
**वीरगंज ।**
पर्साको सखुवापर्सौनी गाउँपालिका–१ सिद्धपुर टोलका समीर चौधरीको दुर्घटनामा मृत्यु भएपछि उनको परिवार गम्भीर आर्थिक सङ्कटमा परेको छ । असोज १८ गते वीरगंजबाट जीतपुर हुँदै घर फर्कने क्रममा समीर सवार मोटरसाइकल अनियन्त्रित भई सडकछेउको पोलमा ठोक्किँदा गम्भीर घाइते भएका थिए । वीरगंजको एलेस न्युरो अस्पतालमा प्रारम्भिक उपचारपछि थप उपचारका लागि काठमाडौँ पठाइएका समीरको उपचारकै क्रममा मृत्यु भएको उनकी आमा बिस्मतिया देवी चौधरीले बताइन् । उपचारमा करिब ४ लाख रुपैयाँ खर्च भएको र आफन्त तथा छिमेकीबाट ऋण लिएर खर्च व्यवस्थापन गरेको परिवारले जनाएको छ । तर, अहिले ऋण तिर्न नसक्ने अवस्थाले परिवार थप सङ्कटमा परेको छ ।

# सूचना लुकाउने पालिकाका कर्मचारीलाई मुद्दा

**मधेशदृष्टि**
**रौतहट ।**
माधव नारायण नगरपालिकाका तत्कालीन निमित्त प्रमुख प्रशासकीय अधिकृत प्रलब कायस्थ, लेखापाल रामबलम प्रसाद यादव र रौतहट एडभटाइजिङ प्रालिका सञ्चालक अजितकुमार कर्णविरुद्ध भ्रष्टाचारको आरोपमा मुद्दा दर्ता भएको छ । अख्तियार दुरुपयोग अनुसन्धान आयोगले उनहरूविरुद्ध आइतबार विशेष अदालत, काठमाडौँमा भ्रष्टाचारसम्बन्धी आरोपपत्र दायर गरेको हो ।

आयोगका अनुसार, विद्यालय भवन निर्माणसम्बन्धी ठेक्काको बोलपत्र आह्वान तथा बोलपत्र स्वीकृत गर्ने आशयको सूचना राष्ट्रियस्तरको दैनिक पत्रिकामा प्रकाशन गर्नुपर्ने कानुनी व्यवस्था हुँदाहुँदै पनि ती सूचना लुकाइ–छिपाइ गरिएको पाइएको हो ।

अनुसन्धानबाट उनीहरूले आपसी मिलेमतोका साथ माधव नारायण नगरपालिकाको ठेक्कासम्बन्धी सूचना सिटी पोस्ट राष्ट्रिय दैनिकजस्तो देखिने सीमित प्रतिमा मात्र छापेर झुट्टा कागजात पेस गरी दुई लाख ५७ हजार नौ सय सत्तरी रुपियाँ भुक्तानी लिएको प्रमाणित भएको आयोगले जनाएको छ ।प्रेस काउन्सिल नेपालको अभिलेखमा सो मितिका सूचना नदेखिएको पुष्टि भएपछि आयोगले सो कार्यलाई सार्वजनिक रकम हिनामिना गर्ने नियतको भ्रष्टाचार कार्यका रूपमा ठहर गरेको हो ।

# दुर्घटनाका घाइतेको उपचार माग्दै राजमार्ग अवरुद्ध

**मधेशदृष्टि**
**महोत्तरी ।**
बर्दिवास–११ खयरमारामा गत असोज १७ गते भएको बस दुर्घटनाका घाइतेले उपचार नपाएको भन्दै पीडित पक्षले बीपी राजमार्ग बन्द गराएका छन् ।

सर्लाहीको घारीबथानबाट काठमाडौं आउँदै गरेको बीपी यातायात प्रालिको ना ६ ख १४६४ नम्बरको बस दुर्घटनामा परेपछि ६ जनालाई हेलिकप्टरमार्फत काठमाडौँ लगिएको थियो ।

तर, बस सञ्चालक र यातायात व्यवसायी संघले समन्वय नगरेका कारण घाइतेको उपचार रोकिएको पीडित परिवारले आरोप लगाएका छन् । उपचार सुनिश्चित नगरेसम्म राजमार्ग नखोल्ने चेतावनी प्रदर्शनकारीले दिएका छन् । दुर्घटनामा २ जनाको मृत्यु र करिब ४० जना घाइते भएका थिए ।

# विद्युत् सर्ट भएर आगलागी

**मधेशदृष्टि**
**वीरगंज ।**
पर्साको पकहामैनपुर गाउँपालिका वडा नं. ०१, धोरेमा बिजुलीको तार सर्ट भई आगलागी हुँदा क्षति भएको छ । आगलागीबाट गोठघरभित्र रहेको मोटरसाइकलसहित विभिन्न सामग्री जलेर पूर्ण रूपमा नष्ट भएका छन् भने तीनवटा चौपाया घाइते भएका छन्। प्रहरी चौकी धोरेबाट प्रहरी नायव निरीक्षक भन्टु राय यादवको कमान्डमा खटिएको टोलीले स्थानीयको सहयोगमा बिहान ३ बजे आगो पूर्ण रूपमा नियन्त्रणमा लिएको थियो । प्रहरीको प्रारम्भिक अनुमान अनुसार, आगलागीबाट करिब एक लाख छयासी हजार रुपैयाँ बराबरको भौतिक क्षति भएको छ ।

# पेट्रोलियम पदार्थबाट ११ अर्ब १८ करोड राजश्व

वीरगंज ।
वीरगंज भन्सार कार्यालयले चालु आर्थिक वर्षको दुई महिनामा सबैभन्दा धेरै राजस्व पेट्रोलियम पदार्थको आयातबाट ११ अर्ब १८ करोड रुपैयाँ सङ्कलन गरेको छ । कार्यालयले चालु आवको दुई महिनामा २६ अर्ब ३३ करोड रुपैयाँ खर्चिएर पाँच थरिका पेट्रोलियम पदार्थ आयात गरेको हो । आयातबाट प्राप्त कुल राजस्वमा मुख्य २० वस्तुबाट प्राप्त राजस्वको योगदानमा पेट्रोलियम पदार्थको हिस्सा भने २८ दशमलव ५६ प्रतिशत रहेको छ ।

वीरगंज भन्सार कार्यालयका प्रमुख भन्सार प्रशासक विष्णुप्रसाद ज्ञवालीका अनुसार भन्सारको राजस्वमा पेट्रोलियम पदार्थ र सवारीसाधनको योगदान निकै उच्च रहेको जानकारी दिए । यहाँको भन्सार आयातमा निर्भर रहेको छ । जसमा पनि पेट्रोलियम पदार्थ र सवारीसाधनको हिस्सा भने महत्त्वपूर्ण छ । यस्तै, यातायातका साधन र तिनका पार्टपुर्जा आयातबाट भने छ अर्ब १४ करोड रुपैयाँ अर्थात् १५ दशमलव ६८ प्रतिशत रहेको छ ।

त्यसैगरी, फलाम तथा फलामबाट बनेका सामानबाट भने दुई अर्ब ५४ करोड रुपैयाँ अर्थात् छ दशमलव ४९ प्रतिशत राजस्वको हिस्सा रहेको छ । सबै प्रकारका कपडाबाट एक अर्ब ९८ करोड रुपैयाँ अर्थात् पाँच दशमलव ०६ प्रतिशत हिस्सा ओगटेको छ । वीरगंज भन्सार कार्यालयले चालु आवको दुई महिनामा ३९ अर्ब १५ करोड राजस्व सङ्कलन गरेको छ ।

# ब्राउनसुगरसहित चार जना पक्राउ

**मधेशदृष्टि**
**रौतहट ।**
गुजरा नगरपालिका–२, कटानी टोलबाट प्रहरीले लागुऔषध ब्राउन सुगरसहित चारजनालाई नियन्त्रणमा लिएको छ। पक्राउ परेकामध्ये दुई–दुईजनालाई कटानीटोलको छुट्टाछुट्टै स्थानबाट समातिएको प्रहरीले जनाएको हो ।

शनिबार राति करिब ९ः३० बजे विशेष सूचनाको आधारमा प्रहरी टोलीले काठमाडौँका कोमन गुरुङ (२०) र सिन्धुलीका मनिष घलान (२१) लाई नियन्त्रणमा लिएको थियो । खानतलासीका क्रममा मनिष घलानको पाइन्टको गोजीबाट कालो प्लास्टिकमा बेरेर लुकाइएको ९.३०० ग्राम ब्राउन सुगरजस्तो देखिने पदार्थ फेला परेको थियो ।

उनीहरूको बयान र थप अनुसन्धानका आधारमा प्रहरीले आइतबार बिहान करिब ९ः३० बजे कटानी टोलकै ज्ञानबहादुर थिङ (सञ्जु) (४०) र आजत अन्सारी (२०) लाई पनि नियन्त्रणमा लियो ।

इलाका प्रहरी कार्यालय चन्द्रनिगाहपुरकी प्रमुख डिएसपी रुपा लाबुङका अनुसार, सञ्जु थिङको घर खानतलासी गर्दा स–साना २० पुरिया ब्राउन सुगरजस्तो देखिने पदार्थ (१.८६० ग्राम), 'नाइटे«जेपाम' लेखिएका १३ थान ट्याबलेट र नगद ६५ हजार १ सय रुपैयाँ बरामद भएको छ । बरामद लागूऔषधको प्रारम्भिक परीक्षण भइरहेको र चारै जनामाथि लागूऔषध नियन्त्रण ऐनअन्तर्गत थप अनुसन्धान जारी रहेको प्रहरीले जनाएको छ ।

# ऐलानी जग्गा विवादमा झडप हुँदा मृत्यु

**मधेशदृष्टि**
**रौतहट ।**
फतुवा विजयपुर नगरपालिका–२ सितलपुरमा आइतबार जग्गा विवादका कारण दुई समूहबीच भएको झडपमा एक जनाको मृत्यु भएको छ । स्थानीय शंकर साह बनिया र कपिलदेव यादव पक्षबीच ऐलानी जग्गाको विषयमा विवाद तीव्र बन्दै गएपछि लाठी, फोर्सा र बाँस काट्ने खुखुरी प्रयोग गरी हानाहान भएको प्रहरीले जनाएको छ । झडपमा ६० वर्षीय शंकर साह बनिया गम्भीर घाइते भई उपचारका लागि बारास्थित एलएस न्युरो अस्पताल पु¥याइएको थियो । तर, उपचारको क्रममा आइतबार दिउँसो करिब १ बजे उनको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय रौतहटले पुष्टि गरेको छ । घटनामा कपिलदेव यादवकी श्रीमती ४० वर्षीया मिना देवी घाइते भएकी छन् ।

प्रहरीका अनुसार घटनामा संलग्न फतुवा विजयपुर नगरपालिका–२ सितलपुरका विनोद भनिने हरिदेव यादव, ब्रहमदेव यादव र सुरेश यादव गरी तीन जना हाल फरार रहेका छन्। प्रहरीले उनीहरूलाई खोजी कार्य तीव्र पारेको जनाएको छ । मृतक शंकर साह बनियाका नाति पप्पु कुमार बनियाले हरिदेव यादवले बाँस काट्ने खुखुरी प्रहार गरी आफ्नो हजुरबुबाको हत्या गरेको आरोप लगाएका छन् । घटनापछि प्रहरी निरीक्षक सुरेन्द्र यादवको कमाण्डमा इलाका प्रहरी कार्यालय लक्ष्मिनियाबाट थप प्रहरी टोली खटाइएको र अनुसन्धान जारी रहेको प्रहरी निरीक्षक रामकुमार महतोले जानकारी दिएका छन् ।

# मेयरद्वारा बन्धक बिरामीको उपचार खर्च भुक्तानी

**मधेशदृष्टि**
**रौतहट ।**
रौतहटको गरुडा नगरपालिकाका मेयर कन्थमणि जैसवालले आर्थिक अभावका कारण अस्पतालमा बन्धक बनेका एक बिरामीलाई उद्धार गराएका छन् । गरुडा–६ का शम्भु माझी करिब तीन महिनादेखि उपचाररत रहेको वीरगंजस्थित एलएस न्युरो अस्पतालमा ३ लाख ५० हजार रुपैयाँ भन्दा बढीको बिल तिर्न नसकेर बन्धक बनेका थिए । बिरामीको परिवारले सहयोगका लागि वडा अध्यक्ष रामबाबु चौधरीमार्फत मेयर जैसवाललाई अनुरोध गरेपछि मेयर जैसवालले अस्पतालको सम्पूर्ण बिल भुक्तानी गरी शम्भु माझीको उद्धार गरेका हुन् ।

अस्पतालबाट छुटेपछि शम्भु माझीलाई गरुडा नगरपालिकाको एम्बुलेन्समार्फत सुरक्षित रूपमा घर ल्याइएको वडा अध्यक्ष चौधरीले बताए ।

माझीको शरीरको विभिन्न भागको हड्डी भाँच्चिएर गम्भीर अवस्थामा एल एस न्युरो अस्पतालमा उपचारका लागि भर्ना भएका थिए ।

सम्पादकीय

# वीमा कम्पनीहरुको ढाड सेकिँदै

*भदौ २३ र २४ गतेको आन्दोलनका कारण क्षति भएका भौतिक संरचनाको हालसम्म २३ अर्ब २२ करोड ७८ लाख रुपैयाँ बराबरको वीमा दाबी गरिएपछि वीमा कम्पनीहरु मारमा परेका छन् । उनीहरु दबाबमा परेका छन् । नेपाल वीमा प्राधिकरणले उपलब्ध गराएको पछिल्लो विवरणअनुसार निर्जीवन वीमा कम्पनीले एक अर्ब ५८ करोड ५६ लाख रुपैयाँ बराबर भुक्तानी गरिसकेका छन् । वीमाबापतको रकम सहज र शीघ्र रूपमा उपलब्ध गराउन प्राधिकरणले देखाएको सक्रियताका कारण धमाधम अग्रिम रूपमा भुक्तानी भइरहेको छ।*

*तीन हजार ९९ वीमा दाबीको आवेदन परेका छन् । दाबीमध्ये सम्पत्ति वीमा छ सय ५३, मोटर वीमा दुई हजार २०६, इन्जिनियरिङ तथा ठेक्का जोखिम वीमा एक सय ९०, परिवहन वीमा १२ र अन्य वीमा ३८ रहेका छन् । त्यसैगरी, कोशी प्रदेशमा तीन सय ९६, मधेशमा तीन सय ५५, बागमतीमा एक हजार ६ सय ६९, गण्डकीमा दुई सय १२, लुम्बिनीमा दुई सय ४६, कर्णालीमा २२ र सुदूरपश्चिम प्रदेशमा एक सय ९९ वीमा दाबीको आवेदन परेको छ । असोज २३ गतेसम्मको यो विवरण हो।*

*यसपटक सिद्धार्थ इन्स्योरेन्स कम्पनीमा सर्वाधिक बढी अर्थात् पाँच अर्ब ६१ करोड ४४ लाख रुपैयाँ बराबरको वीमा दाबीको आवेदन परेको कम्पनी बनेको छ । कम्पनीले ५९ करोड ४४ लाख रुपैयाँ बराबरको रकम वीमितलाई भुक्तानी गरिसकेको छ । दि ओरियण्टल इन्स्योरेन्समा पाँच अर्ब २४ करोड ४७ लाख रुपैयाँ बराबरको वीमा दाबीको आवेदन परेको थियो । कम्पनीले पाँच लाख ७० हजारबराबरको रकम भुक्तानी गरेको जनाएको छ । आइजिआइ प्रुडेन्सियल इन्स्योरेन्समा दुई अर्ब ७५ करोड ९७ लाख रुपैयाँ बराबरको वीमा दाबीको आवेदन थियो। ३० करोड ४३ लाख रुपैयाँ बराबरको रकम वीमितलाई वितरण गरेको छ । शिखर इन्स्योरेन्समा दुई अर्ब ४० करोड ८६ लाख रुपैयाँ बराबरको वीमा दाबी भएको छ । कम्पनीले ३१ करोड ९४ लाख रुपैयाँ बराबरको रकम उपलब्ध गराएको छ । मुलुकभर कुल माइक्रो इन्स्योरेन्स कम्पनीसहित १८ निर्जीवन वीमा कम्पनी सञ्चालनमा छन् । भदौ २३ र २४ गतेको आन्दोलनका कारण भएको आगजनी र तोडफोडमा परेका निजी संरचनाको हकमा वीमा भए पनि सरकारी र सार्वजनिक सम्पत्तिको वीमा नभएको पाइएको छ । निजीक्षेत्रको मागले वीमा कम्पनीहरु निकै मारमा परेका छन्।*

# मुटु र दाँतको दुस्मन चिनी



**डा अरुणा उप्रेती**

चिनी खान जति गुलियो छ, उति नै स्वास्थ्यका लागि पनि हानिकारक छ । चिनी हाम्रो भान्छादेखि पूजाआजामा पनि प्रयोग हुने गर्दछ । भनिन्छ, चिनी धेरै खायो भने तीतो हुन्छ । स्वादमा मात्र होइन, यसले हाम्रो स्वास्थ्यमा पार्ने असरका दृष्टिले पनि उपयुक्त छैन । चिनीको प्रयोग धेरै वर्षअघिदेखि हुँदै आएको छ । करिब २५सय वर्षअघि उखुबाट चिनी बनाउने प्रक्रिया भारतमा शुरु भयो र विस्तारै चीन, पश्चिम अफ्रिका, ब्राजिल हुँदै विश्वभर फैलियो । प्रारम्भमा चिनी उत्पादन गर्नु खर्चिलो हुने भएकाले धेरै महँगो पर्थ्यो र धनी मानिसहरूले मात्र चिनी प्रयोग गर्न सक्थे । राजा–महाराजालाई अन्य सुन र चाँदीका गहनाजस्तै गरेर चिनीलाई उपहारस्वरुप दिइने चलन थियो । जब संसारका विभिन्न ठाउँमा चिनीको उत्पादन हुन थाल्यो, तब आम मानिसले पनि यसको प्रयोग गर्न थाले।

सन् १८८५ बाट चिनीको प्रयोग कोकाकोलामार्फत शुरु भयो । त्योबेला कोकलाई 'ब्रेन टनिक' अर्थात् मस्तिष्क तीक्ष्ण पार्ने वस्तु भनेर गलत प्रचार गरिएको थियो । चिनी बनाउने कम्पनीले मानव शरीरमा चाहिने ऊर्जा ग्लुकोजले दिन्छ र चिनी खाएपछि शरीरमा ग्लुकोज पुग्छ । शरीरमा स्फूर्ति आउँछ । अर्थात् जति खायो उति राम्रो भनेर प्रचारप्रसार गरे । तर जिब्रोको स्वादका लागि सेवन गरेको चिनी हानिकारक छ, यसले क्षणिक उत्तेजना दिए पनि दीर्घकालीन रुपमा भने मानव स्वास्थ्यमा असर पु¥याउँछ।

सन् १९२८ मा 'चिनी स्वस्थकर' भनेर विज्ञापन नै शुरु भयो । गर्मीको समय सर्बतमा जाडोमा पेयपदार्थमा चिनी हालेर खाँदा रोग–प्रतिरोधात्मक शक्ति बढ्छ भनेर भ्रामक प्रचार गरियो । यस्तो विज्ञापनबाट प्रेरित भएर अमेरिकामा चिनीको प्रयोग बढ्न थाल्यो । विस्तारै त्यहाँ मोटोपन पनि बढ्न थाल्यो । चिनी कम्पनीहरुले अनुसन्धानकर्ता र स्वास्थ्यकर्मीलाई पैसाले गोजी भरिदिई 'चिनी स्वस्थकर छ' भनेर अनुसन्धानको निचोड निकाल्न लगाए र धेरै प्रचारप्रसार गरे । तर जनस्वास्थ्य विज्ञहरुले चिनीको खराबीको बारेमा बोल्न थाले । जब २०औं शताब्दीमा अमेरिकामा मधुमेह, फ्याटी लिभर, कब्जियत, अल्सर, ग्यास्ट्राइटिस र मोटोपन बढ्न थाल्यो र अस्पतालमा अनेक समस्या लिएर मानिसहरु आउन थाले, तब मात्र जनस्वास्थ्य विज्ञले भनेको कु‌ुरामा विश्व समुदायले विश्वास गर्न थाले।

चिनीले मानिसको मोटोपन बढाउने, मधुमेह गराउने र मुटुरोग लाग्ने भएकाले यसको प्रयोग कम गर्न विश्व स्वास्थ्य सङ्गठनले बोल्न आवश्यक छ' भनेर केही जनस्वास्थ्य विज्ञहरूले सन् २००२ मा सुझाव दिएका थिए । त्यसपछि सो सङ्गठनले 'हामीले खानाबाट प्रत्येक दिन प्राप्त गर्ने क्यालोरी (शक्ति) मध्ये १० प्रतिशतभन्दा बढी चिनीबाट लिनु हुँदैन' भन्यो । अर्थात् हामीले लिने शक्तिको स्रोतमध्ये चिनी १० प्रतिशतभन्दा कम नै हुनुपर्छ र ९० प्रतिशत अन्य खानाको स्रोतबाट प्राप्त गर्नुपर्छ।

यो कुरा प्रकाशमा आएपछि विशेषगरी अमेरिकाका चिनी उत्पादन गर्ने ठूला कम्पनीहरूले 'विश्व स्वास्थ्य सङ्गठनले जनतामा भ्रम फैलायो' भनेर आक्रोश पोखे । उनीहरूले विश्व स्वास्थ्य सङ्गठनलाई दिने सहयोग कटौती गर्ने निर्णय पनि गरे । साथै ती कम्पनीले अमेरिकाको सिनेटमा प्रभाव पारेर 'चिनीले खराबी गर्ने कुरा प्रचार गरेमा विश्व स्वास्थ्य सङ्गठनलाई अमेरिकाबाट दिँदै आएको आर्थिक सहयोग रोकिदिने धम्की पनि दिन लगाए । चिनी उत्पादक कम्पनीहरूले भनेका थिए, 'हामीले खानाबाट प्राप्त गर्ने दैनिक क्यालोरीमध्ये २५ प्रतिशतसम्म चिनीबाट प्राप्त गर्दा पनि हुन्छ ।' तर जनस्वास्थ्य विज्ञहरूले यो कुरालाई अस्वीकार गरे र धेरै चिनीको उपभोगबाट जनस्वास्थ्यमा हुने हानिका बारेमा आम जनतालाई निरन्तर जागरmक गर्न प्रयत्न गरे।

चिनीले मानिसको स्वास्थ्यमा कसरी खराबी गर्छ भन्ने विषयमा सन् १९७२ मा नै डा जोन युड्किनले 'विषालु सेतो चिनी' नामक अनुसन्धानात्मक पुस्तक प्रकाशित गरेका थिए । तर उनको यो अनुसन्धान र अनुभवलाई अमेरिकाका चिनी र चिनीजन्य गुलियो पदार्थ उत्पादन गर्ने कम्पनीले हावामा उडाउने कार्य गरेका थिए । साथै अपवाह फैलाउने कार्य हो भनेर विरोध पनि जनाएका थिए । तर हाम्रो भान्सामा दिनहुँ प्रयोग हुने यस्तो सेतो चिनी एक प्रकारको‌ मन्द विष नै हो । कतिपय मानिसहरु 'सेतो चिनी' राम्रो होइन तर 'खैरो चिनी' चाहिँ स्वस्थकर हो भन्ने ठान्दछन् । वास्तवमा यो कुरा बिल्कुलै सही होइन । प्रारम्भमा चिनीका बारेमा लेख्ने अनुसन्धानकर्ताले मुसामा चिनीको विभिन्न तरिकाले प्रयोग गरेर अध्ययन गरेका थिए । सो शोध अध्ययनअनुसार चिनी प्रयोग गरिएका मुसाहरुमा मुटुरोग, बिर्सने रोग र बाथको रोग बढेको पाइयो । चिनीले मानिसमा पनि विभिन्न किसिमका रोग उत्पन्न गर्ने कुरा अनुभव र अनुसन्धानले सिद्ध गरिसकेको छ।

परम्परागत भोजनशैलीमा परिवर्तन भएकाले चिनीको उपभोग धेरै भएको पाइन्छ । हामी बिहान उठेदेखि बेलुकासम्म अनेक तरिकाले चिनी उपभोग गर्छौं । उदाहरणको लागि चिया, दूध, केक, कुल्फी, विस्कुट, पाउरोटी आदिमा चिनी प्रशस्त प्रयोग भएको पाइछ । चाडबाड र देवीदेवताका प्रसादको रुपमा त झन् चिनीको मात्रा धेरै प्रयोग हुन्छ । केटाकेटीको बिहान र दिउँसोको खाजामा पनि धेरै चिनीको प्रयोग हुने भएकाले नेपाली केटाकेटीमा दाँतसम्बन्धी समस्या उच्च छ । उच्च रक्तचाप, मोटोपन, मधुमेहजस्ता समस्याहरुको एउटा प्रमुख कारकको रुपमा चिनी रहेको प्रमाणित भएको धेरै भइसकेको छ तर पनि हामी यसतर्फ त्यति सचेत भइरहेका छैनौँ।

विश्व स्वास्थ्य सङ्गठनले सन् २०१४ मा 'वयष्कलाई दैनिक पाँच चम्चाभन्दा बढी र बालबालिकालाई तीन चम्चाभन्दा बढी चिनी खान नदिनु भने पनि अहिले हाम्रो भोजनमा त्योभन्दा निकै बढी मात्रामा चिनी प्रयोग भएको पाइन्छ । सस, बिस्कुट, चाउचाउ आदि गुलियो जस्तो नलाग्ने खानामा पनि चिनी मिसाइएको हुन्छ । त्यस्तै गरी बट्टाबन्द र प्याकेटबन्द गरेको मासु, सुप, स्वस्थकर नास्ता भनिएका बट्टाका बजारे भोजन (जस्तो– मुसेली, कर्नफ्लोर) मा पनि चिनी मिसिएको हुन्छ । तर प्रायः यो कुरा हामी वास्ता नै गर्दैनौँ, चिनी भएको थाहा नै नपाई हामी त्यसको उपभोग गरिरहेका हुन्छौँ । त्यसैगरी, हर्लिक्स, बोर्नभिटा, भिभा आदि पेयपदार्थ, लस्सी, कोक, फन्टा, पेप्सी, डिउ, मेरिन्डा, पुरmटी, एपी, सर्बत, लस्सी आदि चिसा पेयपदार्थहरुमा अधिकमात्रामा चिनी मिश्रण हुन्छ।

चिनी भएको वस्तु खाएपछि यसले दाँतको इनामेल गालेर दाँतमा प्वाल पार्छ । बच्चाको आहारा जस्तो–बोतलबन्द दूध तथा पेय पदार्थहरुमा मिसाइएको गुलियो पदार्थले उनीहरुको कलिलो दाँतमा गम्भीर असर गरेको हुन्छ । तर बच्चाका अभिभावक यस्ता खानामा भएको चिनीले बच्चालाई नोक्सानी गर्छ भन्ने बारेमा अनभिज्ञ छन् । नेपालको सन्दर्भमा कुरा गर्दा मिठाईहरु, गुँदपाक, पुष्टकारी, केक, आइसक्रिम, सेल, मालपुवा आदिमा पनि ठूलो मात्रामा चिनी मिसाइएको हुन्छ र त्यसलाई हामीले अन्धाधुन्ध रुपमा प्रयोग गरिरहेका छौँ।

एक लिटर हलुका पेयमा औसत १४ चम्चा चिनी राखिएको हुन्छ । यसबारेमा हामीले कहिल्यै विचार गरेका हुँदैनौँ । तर खाँदा त्यति गुलियो नलाग‌ पनि यसमा भएको अत्यधिक चिनीले हाम्रो स्वास्थमा प्रतिकूल असर पारिरहेको हुन्छ । अङ्ग्रेजीमा सुगर भनिने चिनीका माल्टोज, फुल्टोज, ल्याक्टोज आदि अनेक रुपाकारहरु छन् । कतिपय फलफूलको बट्टामा 'सुगर फ्रि' भनेर लेखिएको हुन्छ । तर माल्टोज, फुल्टोज, सुक्रोज आदि स्वरुपमा चिनी रहेको हुन्छ र हामी नजानेर यसको उपभोग गरिरहेका हुन्छौँ।

मकैबाट पनि चिनी बनाइन्छ । विशेषगरी चकलेट, कुकिज बिस्कुट बनाउँदा यसको प्रयोग गरिन्छ । यस्तो प्रकारको गुलियो पदार्थ र पेयले कोलेस्टेरोल (खराब बोसो) को मात्रा बढाउँछ । खराब बोसो बढेपछि यो मुटुका धमनीका भित्ताहरुमा लेउजस्तै टाँसिन पुग्दछ । यसकारण धमनीहरु साँघु‌रिने वा कडा हुने जटिलता उत्पन्न हुन थाल्छ । यसो हुनेबित्तिकै मुटुका मांसपेशीहरुमा धमनीबाट रगत, अक्सिजन र पोषक तत्व आवश्यकमात्रामा पुग्न सक्दैन । अनि मुटुका मांसपेशीहरु मर्दछन् र हृदयाघात निम्तिन्छ।

त्यसैगरी शरीरलाई आवश्यक नपरेको चिनी चिल्लो पदार्थ या बोसोमा परिणत हुन्छ । यसैकारण मुटु तथा रक्तनलीमा अवरोध पुग्छ । वरिष्ठ मुटुरोग विशेषज्ञ डा अवनिभुषण उपाध्यायका अनुसार गुलियो ज्यादै खाँदा डायविटिजको जोखिम बढ्छ । चिनी, सख्खर हालेका वस्तुबाहेक सुगर फ्रि कोक, जुस, मह आदि जुनसुकै रुपमा खाए पनि चिनी चिनी (सुगर वा गुलियो वस्तु) नै हो । जसरी खाँदा पनि यदि चिनीको मात्रा बढी छ भने त्यसले असर गर्छ । 'सुगर फ्री' भनिएको वस्तु वास्तवमा 'सुगर फ्री' हुँदैन । स्याक्रिन हालिएको चिया या अन्य पेयपदार्थ स्वास्थ्यका लागि झनै भयानक हुन्छन् । यसले मुटुलाई बिगार्छ। रासस

# गर्भावस्थामा सिटामोल खाँदा बच्चालाई अटिजम् हुन सक्ने दाबी कति सही वा गलत

**एन्ड्रे बिअर्नात, सारा बेल**

राष्ट्रपति ट्रम्पले आफूसँग अचम्मको घोषणा रहेको बताउँदै गत शुक्रवार संवाददाताहरूलाई भने, 'अटिजम् पूर्णतया नियन्त्रणबाहिर छ... यस्तो किन भयो भन्ने कारण सायद हामीसँग हुन सक्छ।'

केही अध्ययनहरूले गर्भावस्थामा प्यारासिटामोलको मुख्य अङ्ग 'एसीटमिनफेन'को अटिजम्सँग कमजोर सम्बन्ध रहेको देखाएका छन् । तर परिणामहरू स्थिर छैनन् र औषधिका कारण अटिजम् हुने प्रमाणित भएको छैन।

**प्यारासिटामोल के हो?**

यो दुखाइ कम गर्न डाक्टरको पुर्जी (प्रेस्क्रिप्शन)बिना नै औषधि पसलमा किन्न मिल्ने औषधि हो।

अमेरिकामा यसलाई 'एसीटमिनफेन' वा यसको चर्चित ब्र्यान्ड 'टाइलेनोल' का रूपमा पनि चिनिन्छ । यो औषधी संसारभरि विभिन्न ब्र्यान्ड तथा नाममा बेचिन्छ । दुखाइ र ज्वरोको निम्ति उपयोगी यो औषधि घरघरमा राख्ने गरिन्छ।

**गर्भावस्थामा यसको प्रयोग**

जनस्वास्थ्यमा काम गर्ने मुख्य संस्था तथा सरकारहरूले विश्वव्यापी रूपमा प्यारासिटामोल गर्भावस्थामा प्रयोग गर्न सुरक्षित रहेको बताएका छन्।

अमेरिकन कलेज अफ ओब्स्टेट्रिक्स एन्ड गाइनिकोलजीका अनुसार देशभरका डाक्टरहरूले गर्भवतीहरूको निम्ति दुखाइ हटाउने थोरै औषधिहरूमध्ये सिटामोल सुरक्षित रहेको निरन्तर रूपमा बताउँदै आएका छन् । 'विगतमा गरिएका अध्ययनहरूले गर्भावस्थाको कुनै चरणमा पनि 'एसीटमिनफेन' को विवेकपूर्ण प्रयोग र भ्रूणको जोखिमयुक्त विकासबीच सम्बन्ध रहेको कुनै स्पष्ट प्रमाण देखाएको छैन,' समूहले भनेको छ।

यूकेको न्याश्नल हेल्थ सर्भिसको मार्गनिर्देशिकाले गर्भवती महिलाका निम्ति प्यारासिटामोल दुखाइविरुद्धको 'पहिलो छनोट' भएको उल्लेख गरेको छ । उसले भनेको छ, 'गर्भावस्थामा यो आम रूपमा सेवन गरिन्छ र यसले तपाईंको शिशुलाई कुनै हानि पु¥याउँदैन ।' टाइलेनोलको निर्माता कम्पनी केन्भ्यूले उक्त औषधि सुरक्षित पीडानिरोधक विकल्प भएको बताउँदै गर्भवती महिलाका निम्ति त्यसको प्रयोगको प्रतिरक्षा गरेको छ । बीबीसीले प्रतिक्रियाको निम्ति औषधि उत्पादकहरूसँग सम्पर्क गरेको छ।

कम्पनी र अमेरिकी डाक्टर दुवैले गर्भवती महिलाहरूलाई आफैले कुनै औषधि किनेर सेवन गर्नुअघि स्वास्थ्य सेवासँग सम्बन्धित व्यक्तिहरूसँग परामर्श लिन सुझाव दिएका छन् । अमेरिकी सञ्चारमाध्यमका अनुसार ट्रम्प प्रशासनले उच्च ज्वरोका बेला मात्र दुखाइनिरोधक औषधि सेवन गर्न सुझाउने जनाएको छ । उच्च ज्वरोको उपचार नगर्दा यो आमा र गर्भमा हुर्किँदै गरेका शिशुलाई हानि पु¥याउने कारण बन्न सक्छ।

**प्यारासिटामोल अटिजम्को कारक बन्न सक्छ?**

अमेरिकाका स्वास्थ्यमन्त्री रोबर्ट एफ केनेडी जूनिअरले गत एप्रिलमा पाँच महिनाभित्रै अटिजम्को कारण पत्ता लगाउन 'ठूलो परीक्षण र अनुसन्धान प्रयास' गर्ने वाचा गरेका थिए । तर विज्ञहरूले दशकौँदेखि अनुसन्धान भइरहेको यस जटिल अवस्थाको कारण पहिचान गर्न सजिलो नभएकोतर्फ सचेत गराएका छन्।

अनुसन्धानकर्ताहरूले व्यापक रूपमा बनाएको धारण के हो भने अटिजम्को कुनै एउटा कारण छैन, त्यसलाई पर्यावरणीय र अनुवांशिक पक्षको जटिल मिश्रणको परिणाम ठानिएको छ । हार्भर्ड यूनिभर्सिटीको चान स्कूल अफ पब्लिक हेल्थका डीनको नेतृत्वमा अगस्टमा गरिएको अनुसन्धानको समीक्षाले गर्भावस्थामा आमाले सेवन गरेको टाइलेनोलका कारण बच्चामा अटिजम् र मस्तिष्क विकाससम्बन्धी अन्य समस्या उत्पन्न हुने जोखिम बढ्न सक्ने पत्ता लगाएको छ।

अनुसन्धानकर्ताहरूले औषधिको प्रयोग सीमित गर्न केही कदम चाल्नुपर्ने बताएका छन् । तर पीडानिरोधक औषधि अझैँ पनि गर्भावस्थाको ज्वरो र दुखाइको उपचारको निम्ति महत्त्वपूर्ण रहेको उनीहरूको भनाइ छ।

तर सन् २०२४ मा प्रकाशित अर्को अध्ययनले टाइलेनोलको सेवन र अटिजम्बीच कुनै सम्बन्ध नरहेको तथ्य पत्ता लगाएको छ । 'कुनै आधारभूत सम्बन्ध रहेको भन्ने ठोस प्रमाण अथवा पत्यारलाग्दो शोध भएको छैन,' डाराम यूनिभर्सिटीमा सामाजिक तथा मनोवैज्ञानिक विकासक्रमका प्राध्यापक रहेका मोनीक बोटा भन्छन् । पीडा कम गर्ने औषधिहरू 'ओपिओइड' वा 'गैरओपिओइड' हुन सक्छन्।

अफिमको बोटबाट वा प्रयोगशालामा बनाइने 'ओपिओइड'हरू मस्तिष्कमा 'ओपिओइड रिसेप्टर्स'सँग जोडिन्छन् र खुसी तथा आनन्दानुभूतिसँग सम्बन्धित एउटा होर्मोन डोपमिन निकाल्न भूमिका निर्वाह गर्छन् । तर यी औषधिहरू अति नै लत लगाउने हुन सक्छन् । त्यसैले विज्ञहरू दुखाइ अन्त्यको उपचार प्यारासिटामोलजस्ता 'गैरओपिओइड' औषधिहरूको सेवनबाट शुरु गर्नु राम्रो हुने बताउँछन्।

तथापि प्यारासिटामोलले ठ्याक्कै कसरी काम गर्छ भन्नेमा अझैँ पनि एकमत पाइँदैन । यूकेस्थित यूनिभर्सिटी अफ लीड्काज प्राध्यापक फिलिप कोनाहन भन्छन्, 'प्यारासिटामोलले काम गर्ने चक्रबारे अझै पूर्ण स्पष्ट भइसकेको छैन ।' 'यसले केन्द्रीय स्नायुप्रणाली र मस्तिष्कमा दुखाइको अनुभवलाई प्रभावित पार्न तथा सुन्निएको क्षेत्रको परिधिमा रहेर पनि काम गर्न सक्छ।'

ब्रिटेनको न्याश्नल हेल्थ सर्भिसका अनुसार प्यारासिटामोलले दुखाइको सङ्केत दिने रासायनिक सन्देशवाहकलाई मस्तिष्कमा पुग्न रोकी शरीरको तापक्रम पनि नियमन गर्छ।

लामो समयदेखि विद्यमान एउटा सैद्धान्तिक मान्यताका अनुसार प्यारासिटामोलले 'साइक्लोअक्सिजिनेस' वा 'सीओएक्स' भनिने 'एन्जाइम'लाई नियन्त्रण गर्छ । यो एन्जाइमले दुखाइसँग जोडिने होर्मोन उत्पादन गर्न सघाउँछ । अहिले भने प्यारासिटामोलले फरक ढङ्गले पनि काम गर्ने ठानिन्छ । उदाहरणको निम्ति यो एएम४०४ नामक यौगिकमा एकीकृत हुन्छ, जसले विभिन्न दुखाइमा काम गर्ने बताइन्छ।

**टाइलेनोल कति सेवन गर्न सकिन्छ?**

स्वास्थ्यविद्हरूले सुरक्षित प्रयोगका निम्ति प्यारासिटामोल सेवनको मात्राको महत्त्वबारे प्रकाश पारेका छन् । छोटो अवधि र सही मात्रा सेवन गर्दा त्यसले दुर्लभ रूपमा मात्र खराब असर गर्ने उनीहरूको भनाइ छ।

यूकेको न्याश्नल हेल्थ सर्भिस (एनएचएस) का अनुसार २४ घण्टामा चार पटकसम्म ५०० एमजीको एक वा दुई चक्की सिफारिस गरिएको छ तर २४ घण्टामा आठ चक्कीभन्दा धेरै खानुहुँदैन । निर्धारित मात्राभन्दा बढी खाएमा त्यसले कलेजोमा गम्भीर क्षति पुग्ने वा बिग्रिन सक्ने एनएचएसले बताएको छ।

अमेरिकाको फूड एन्ड ड्रग एड्मिनस्ट्रेशन (एफडीए) को तथ्याङ्कले सन् १९९८ देखि २००३ को बीचमा अमेरिकामा प्यारासिटामोलको अधिक मात्रा सेवन नै कलेजोको गम्भीर तीमध्ये करिब आधा घटनामा असावधानीपूर्वक औषधिको अधिक सेवन गरिएको पाइएको छ । यसमा पीडितले सिफारिस गरिएको दैनिक मात्राभन्दा बढी अनजानमै सेवन गरेको पाइएको छ । एफडीएका अनुसार प्यारासिटामोल ६०० वटा औषधिमा उपलब्ध रहेकाले अक्सर त्यसो हुने गरेको छ।

त्यसैले 'फ्लू' भएको एक व्यक्तिले प्रत्येकमा प्यारासिटामोलको मात्रा रहेको नठानेर अनेक उपचार अपनाउन सक्छन् । विज्ञहरू खास गरी एक दिनमा फरकफरक व्यक्तिले हेरचार गर्दा बालबालिकालाई दिइने औषधिको मात्राबारे सजगता अपनाउन अभिभावकहरूलाई सल्लाह दिन्छन्।

**प्रभावकारिता**

विश्व स्वास्थ्य सङ्गठनले दुखाइ र सामान्यदेखि अधिक ज्वरोको पहिलो उपचारका निम्ति प्यारासिटामोल सिफारिस गरेको छ । यदि त्यसले काम गरेन भने बिरामीले दुखाइ नियन्त्रणका निम्ति क्रमिक रूपमा सामान्य ओपिओइड, बलियो ओपिओइड र आवश्यक परेमा अन्ततः विशेषज्ञ उपचार लिन सक्छ । प्यारासिटामोलको प्रभावकारिता दुखाइको प्रकृतिमा निर्भर हुन्छ।

प्रकाशित अध्ययनको विश्लेषण र समीक्षा गर्ने यूकेस्थित कोख्रन इन्स्टिट्यूटले प्यारासिटामोल 'माइग्रेन'को गम्भीर टाउको दुखाइका साथै प्रसूति र शल्यक्रियापछिको दुखाइमा प्रभावकारी रहेको जनाएको छ।

तथापि घुँडाको जोर्नी दुखाइजस्ता अवस्थाका निम्ति यसका फाइदा मध्यम स्तरका मात्र रहेको मानिएको छ । उक्त इन्स्टिट्यूटले पिठ्युँको तल्लो भागको दुखाइ वा क्यान्सरसँग सम्बन्धित शारीरिक असहजताको निम्ति 'प्लेसीबो'भन्दा प्यारासिटामोलले राम्रो प्रभाव नदेखाएको बताएको छ । बीबीसी

मधेशदृष्टि दैनिकमा समाचार सामग्री, लेख, विचार र टिप्पणी madheshdristi@gmail.com मा इमेल पठाउनु सक्नुहुनेछ । मधेशदृष्टि दैनिक राससको नियमित ग्राहक हो । बिहान ४:५० बजे नै www.emadheshdristi.com मा पत्रिकाको पिडिएफ उपलब्ध छ ।

# ‘सबै दलमा पुनर्गठन र रुपान्तरण अनिवार्य’

**काठमाडौँ ।**
नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी) का सम्मानित नेता भलनाथ खनालले सबै राजनीतिक दलमा पुनर्गठन र रुपान्तरण आवश्यक रहेकामा जोड दिएका छन् ।
जेन्जी प्रदर्शनका क्रममा घाइते हुनुभएकी खनाल पत्नी रविलक्ष्मी चित्रकारको उपचारका लागि भारतको नयाँ दिल्लीस्थित एपोलो अस्पतालमा रहेका उनले सामाजिक सञ्जालमार्फत हालका सानाठूला सबै दलहरू र आफ्नै पार्टीभित्रसमेत नयाँ वैचारिक, सङ्गठनात्मक र नीतिगत दिशामा पुनर्गठन आवश्यक रहेको बताए ।
‘अब देश, जनता र वामपन्थी आन्दोलनलाई नयाँ धरातलबाट उठाउन प्रत्येक पार्टीमा पुनर्गठन र रूपान्तरण अनिवार्य छ । हरेक सानाठूला पार्टीमा र जेन्जी समूहमासमेत उथलपुथल र विभाजन भइरहेको छ । यसले गर्दा सबैको माग पुनर्गठन र रुपान्तरणको हो,’ उनले लेख्नुभएको छ, ‘यो युगको माग हो, समयको माग हो र सिङ्गो राष्ट्रको मागसमेत हो ।’
अहिले आफ्नो दल नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी) ले कुनै अर्को राजनीतिक दलसँग एकीकरण गर्ने नहुने नेता खनालले धारणा राखे । ‘यो कसैसँग पनि पार्टी एकीकरण गर्ने समय होइन र छैन । हामी कोही पनि गलत बाटोमा हिँड्दै भड्खालोमा पर्ने र अरुलाई पार्ने दिशामा नलागौँ,’ उहाँले भने । नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) सँग एकीकरणका चर्चाबीच उहाँको यस्तो धारणा सार्वजनिक भएको हो । आफ्नो दलले पछिल्लो चार वर्षे अवधिको समीक्षा गर्नुपर्ने पनि खनालको भनाइ छ । नवौं राष्ट्रिय महाअधिवेशनदेखि उठाइएको युवा आवाज र कार्यविधिको विषयलाई ध्यान दिनुपर्नेमा जोड दिँदै उनले पार्टीभित्रका युवाको आवाजअनुरुप हुने गरी पार्टीलाई पुनर्गठन गर्नुपर्ने धारणा राखे । सबै कम्युनिष्ट तथा वामपन्थी शक्तिहरूलाई गोलबन्द गरी बृहत राष्ट्रिय मोर्चाको निर्माणमार्फत् प्रतिनिधिसभाको निर्वाचनमा खटिनुपर्ने उनको विचार छ ।रासस

# ‘म्याण्डेट’ चुनाव गराउने हो, हुन्छः मन्त्री

**काठमाडौँ ।**
सञ्चार तथा सूचना प्रविधिमन्त्री जगदीश खरेलले प्राप्त जिम्मेवारीअनुसार आगामी फागुन २१ गते निर्वाचन गराउने प्रतिबद्धतासहित सरकार अघि बढेको बताएका छन् ।
नेपाल पत्रकार महासङ्घले आइतवार आयोजना गरेको स्वागत कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै सञ्चरमन्त्री खरेलले फागुन २१ गते प्रतिनिधिसभाको निर्वाचन गराउने ‘म्याण्डेट’ रहेकाले सोहीअनुसार निर्वाचन गराउनेतर्फ सरकार केन्द्रित भएको स्पष्ट गरे ।
सरकारको प्रमुख प्राथमिकता भनेको तोकिएको मितिमा व्यापक जनसहभागितासहित स्वच्छ, निष्पक्ष, शान्तिपूर्ण ढङ्गबाट निर्वाचन गराउने हो भन्दै उनले निर्वाचन प्रक्रियामा सहभागी हुन सम्पूर्ण राजनीतिक पार्टीलगायत सम्बद्धपक्षसँग अनुरोध गरे ।
यसैगरी, मन्त्री खरेलले फागुन २१ गते निर्वाचन गराउने सन्दर्भमा निर्वाचन आयोगले ‘क्यालेण्डर’ नै तयार गरिसकेको अवस्थामा आवश्यक



वातावरण तयारीका लागि नेपाल पत्रकार महासङ्घका तर्फबाट सहयोग प्राप्त हुने विश्वास व्यक्त गरे ।
उनले फरक प्रसङ्ग उल्लेख गर्नुहुँदै सुरक्षाकर्मीलाई राज्यले परिचालन गर्ने भएकाले एकाध घटना घट्दैमा सुरक्षाकर्मीको मनोबल नगिर्ने जिकिर गरे । ‘सुरक्षाकर्मीलाई राज्यले परिचालन गर्छ, एकाध घटनाले उहाँहरुको मनोबल गिर्दैन र हामीले गिर्ने वातावरण पनि सृजना गर्नुहुँदैन,’ उनले भने ।
नेपाल पत्रकार महासङ्घका अध्यक्ष निर्मला शर्माले फागुन २१ गतेको निर्वाचनका लागि पत्रकार महासङ्घले आवश्यक सहयोगसहित सकारात्मक भूमिका निर्वाह गर्ने विश्वास दिलाए । उनले भने, ‘पत्रकार महासङ्घ सरकारसँग सहकार्य गरेर काम गर्न इच्छुक छ । निर्वाचन गराउनमा पत्रकारले गर्नुपर्ने सहयोग र भूमिका सकारात्मक हुने विश्वास दिलाउन चाहन्छु ।’ रासस

# वीर अस्पतालमा ‘एनोरिज्य’को शल्यक्रिया

**काठमाडौँ ।**
वीर अस्पतालमा ‘एनोरिज्म’ (नसा फुलेर फुट्ने रोगको) जटिल शल्यक्रिया गरिएको छ । अस्पतालका न्युरो सर्जरी विभाग प्रमुख डा राजीव झाको नेतृत्वमा छ वटा एनोरिज्म एकैपटक नौ घण्टा लगाएर सफलतापूर्वक शल्यक्रिया गरिएको हो ।
उनले बिरामीको मस्तिष्कमा रहेका छवटा ‘एनोरिज्म’को एकैपटकमा पहिलो शल्यक्रिया गरेर सफल उपचार गरेको बताए । यस्तो शल्यक्रिया अत्यन्त जटिल मानेर र कम मात्र देशमा यसको उपचार हुने उनले बताए । ‘एनोरिज्म’ मा नसा बेलुनजस्तै फुलेर फुट्ने गर्दछ ।
त्यसपछि मान्छेको ब्रेन ह्यामरेज भएर मृत्यु पनि हुनसक्दछ । शल्यक्रिया असोजको दोस्रो हप्ता गरिएको थियो । ‘ती बिरामीको एउटा ‘एनोरिज्म’ फुटेको थियो र अन्य पाँच वटा फुट्ने तयारीमा रहेका थिए,’ उनले भने, ‘तर हाम्रो टिमले नौ घण्टा लगाएर उक्त एनोरिज्मलाई शल्यक्रियामार्फत उपचार गर्न सफल भयौं ।’ उनका अनुसार फुटेको एउटा ‘एनोरिज्म’लाई बेलुनजस्तै बाँधेर राखिएको छ र अरु फुट्न तयारी रहेकालाई क्लिप लगाएर फुट्नबाट जोगाएर राखिएको छ ।
उनले एकैव्यक्तिको मस्तिष्कमा छवटा एनोरिज्म कमैमात्रामा हुने गरेको बताए ।
बिरामीको एनोरिज्य एकदेखि चार वटासम्म सामान्य हुने र त्यसपछि पाँच तथा छ वटा कमैमात्रामा हुने गर्दछ । उनले एनोरिज्म फुटेका ५० प्रतिशत बिरामी मात्र अस्पताल आउने र तीमध्ये ५० प्रतिशत मात्र उपचार पाएर बाँच्ने बताए । एनोरिज्मका कारणले बिरामीमा ब्रेन ह्यारेज हुने र तत्काल मृत्युसमेत हुने गर्दछ ।
न्युरो सर्जरी विभाग प्रमुख डा झाका अनुसार चुरोट र मादक पदार्थ सेवन गर्ने, उच्चरक्तचाप, मधुमेह भएकालाई एनोरिज्म हुने गर्दछ । उनले अहिलेसम्म ११ वटा यस्ता एनोरिज्मका बिरामीको सफल उपचार गरेका छन् ।
‘अहिलेसम्म मैले चार वटा ‘एनोरिज्म’ मस्तिष्कमा भएका बिरामीको सफलतापूर्वक उपचार गरेको थियो,’ उनले भने, ‘तर अहिलेको बिरामीमा छ वटा एनोरिज्म रहेको थियो, तैपनि हामीले छवटैको जटिल शल्यक्रिया सफलतापूर्व गर्यौँ ।’ अस्पतालमा बर्सेनि सयभन्दा धेरै जना एनोरिज्म फुटेर आउने गर्दछन् । उनले अहिले बिरामीको अवस्था ठीक भइसकेको जनाए ।रासस

# बिपी राजमार्गः ‘ट्र्याक’ खुलाएसँगै मर्मत थालियो

**काभ्रेपलाञ्चोक ।**
गत साताको बाढीले क्षतिग्रस्त बिपी राजमार्गको विभिन्न खण्डमा अस्थायी ‘ट्र्याक’ खोलेर सवारी सञ्चालन गरेसँगै थप मर्मत गर्न थालिएको छ । बाढीले एक साता अवरुद्ध गराएको उक्त राजमार्ग औपचारिक रुपमा शनिबार बिहानदेखि खुलाइएको थियो ।
बाढीले क्षतिग्रस्त भएका स्थानमा ‘डाइभर्सन बनाएर सञ्चालनमा ल्याइए पनि साँघुरो तथा अप्ठ्यारो सडकमा मर्मत गरिरहेको डिभिजन सडक कार्यालय भक्तपुरले जनाएको छ । हालको मर्मत कार्यले तिहारमा राजमार्गमा यात्रा सहज हुने कार्यालय प्रमुख सिनियर डिभिजनल इञ्जिनियर सुमन योगेशले बताए । उनका अनुसार तीन वटा मेसिनले मर्मत गरिरहेको छ भने अन्य ‘स्टेशन’मा मेसिनलाई ‘स्टयाण्डबाई’ राखिएको छ । कार्यालय पाँच दिन लगातार बाढीले कटान गरेको तथा बगर बनेको सडक बनाउन खटेको थियो ।
राजमर्गाको क्षतिग्रस्त १९ स्थानमा ‘डाइभर्सन’ बनाएर अवरुद्ध राजमार्ग शनिबारदेखि खुलाइएको हो । शनिबारदेखि सवारीसाधन सञ्चालनमा ल्याउने गरी रातको समयमा करिब दुई दर्जन मेसिनद्वारा कामलाई निरन्तरता दिइएपछि राजमार्ग पूर्ण रुपमा खुलाउन सम्भव भएको कार्यालयले जनाएको छ । शुक्रबार साँझसम्ममा राजमार्गअन्तर्गत काभ्रेपलाञ्चोकको नमोबुद्ध नगरपालिका–६ स्थित चौकीडाँडादेखि रोशी गाउँपालिकाको माम्तीसम्म ‘ट्र्याक’ खोली सकेर परीक्षण गरिएको थियो ।
योगेशले राजमार्गको चौकीडाँडा, कटुन्जे–घुमाउने, चारसयबेँसी, गिम्दीबेँसी, नार्के, चिउरीबास, बोक्सीकुना, कालढुङ्गा, डालाबेँसी तथा पिप्लेको चार स्थानलगायत माम्तीको दुई स्थानमा डाइभर्सन निर्माण सम्पन्न गरी पूर्ण रुपमा यातायात सञ्चालन गरिएको बताए। राजमार्गको



काभ्रेपलाञ्चोकको सडकखण्डमा खोला फर्काएर ‘डाइभर्सन’ निर्माण भएको हो । कार्यालयले उक्त क्षेत्रमा सवारी साधन चलाउँदा चालक तथा यात्रुलाई विशेष सावधानी अपनाउनसमेत अपिल गरिरहेको छ ।
कार्यालयले उक्त राजमार्गको काभ्रेपलाञ्चोक खण्डमा १६ र सिन्धुली खण्डमा तीन स्थानमा डाइभर्सन निर्माण सम्पन्न गरी शुक्रबार अपराह्नमा ट्र्याक खुलाएको थियो । रोशी खोलाको बाढीले रोशी क्षेत्रमा करिब चार किलोमिटर सडक कटान गरेको थियो । सोही क्षेत्रमा गत साल असोजको बाढीपहिरोले सडक क्षतिग्रस्त बनाएपछि डाइभर्सन बनाएर अस्थायी रुपमा सडक सञ्चालन हुँदै आएको थियो ।
पूर्वी नेपाल जोड्ने छोटो दूरीका रुपमा रहेको उक्त राजमार्गबाट दैनिक हजारौँ यातायातका साधन आवतजावत हुने गर्छन् । कार्यालयले क्षतिग्रस्त राजमार्ग स्थायी निर्माणका लागि चार खण्डमा ठेक्काको प्रक्रियामा अघि बढाइरहेको थियो ।रासस

# विभागबाट मिडिया दर्ता यथाशीघ्र शुरु हुने

**काठमाडौँ ।**
सञ्चार तथा सूचना प्रविधिमन्त्री जगदीश खरेलले सूचना तथा प्रसारण विभागबाट अनलाइन मिडियाको दर्ता र नवीकरण यथाशीघ्र शुरु गर्न प्रयास भइरहेको बताएका छन् ।
उक्त विभागको अनुगमन निरीक्षणपछि आयोजित कार्यक्रममा उनले अनलाइन मिडियाको दर्ता र नवीकरणका सन्दर्भमा धेरै सञ्चारकर्मीले झण्झट बेहोर्नु परेकाले त्यसका लागि सहजीकरण गरी सेवा सुविधा उपलब्ध गराउन विभागलाई निर्देशन दिए ।
सञ्चार मन्त्री खरेलले भने, ‘यो दर्ता प्रक्रिया सम्भवत तिहार अगाडि नै अघि बढ्छ । त्यसका लागि विभाग सम्पूर्ण तयारी अवस्थामा छ । दर्ता र नवीकरण गर्न अहिले धेरै साथीहरुले झण्झट बेहोर्नुभएको छ । छिट्टै विभागले सहजीकरण र सेवा सुविधा उपलब्ध गराउने छ ।’
आफूले मन्त्रालयको जिम्मेवारी सम्हालेलगत्तै मनसुनसम्बन्धी विपद् र दसैँ परेकाले प्रक्रियागतरुपमा मिलाउन पर्ने भएकाले केही समय लागेको जनाउँदै मन्त्री खरेलले आगामी मन्त्रिपरिषद्बाट निर्णयभएपछि राजपत्रमा प्रकाशित हुनासाथ दर्ता र नवीकरण प्रक्रिया अघि बढने विश्वास दिलाए ।
अरु सरकारी निकाय जस्तो ढिलासुस्तीको अनुभूति सूचना प्रविधि विभागसँग नरहेको जनाउँदै उनले जनता र पत्रकारसँग प्रत्यक्ष जोडिएको कार्यालय भएकाले सबै सेवाग्राहीलाई विधि र प्रक्रियाको सहजीकरणमा आवश्यक सहयोग हुँदैआएको बताए ।
मन्त्री खरेलले भने, ‘तपाईंहरुले गर्ने सेवा, सुविधा र व्यवहारले पत्रकार र जनतामा महत्वपूर्ण भूमिका निर्वाह गर्दा रहेछ । सीमित स्रोत, साधन र जनशक्तिकाबीचमा पनि राम्रो सेवा प्रवाह भएको छ । अनलाइन नवीकरण यहीँबाट होस् भन्ने चाहना राखेर मन्त्रिपरिषद्बाट निर्णय भएको छ ।’
उनले वर्तमान सरकारलाई प्रतिनिधिसभा सदस्यको निर्वाचन गराउने तथा सुशासनको अनुभूत हुने गरी काम अघि बढाउनुपर्ने दायित्व रहेको उल्लेख गरे । सरकारले जेन्जी आन्दोलनका क्रममा भएको जनधनको क्षतिको अनुसन्धान गरी कारबाही प्रक्रिया अघि बढाउने र मन्त्रालय मातहतका निकायमा परिणाम आउने काम अघि बढाइ आगामी दिनमा सेवा प्रवाहलाई छिटो र सरल तुल्याउने आधारशिला स्थापित गर्न हरसम्भव प्रयत्न हुने दृढता व्यक्त गरे ।
मन्त्रालयका सचिव राधिका अर्यालले अनलाइन मिडिया दर्ता र नवीकरण तथा पत्रकारका अन्य माग मुद्दालाई सम्बोधन गर्न मन्त्रालय सकारात्मक रहेको बताए ।
विभागका महानिर्देशक उदयबहादुर रानामगरले विभागले सञ्चारकर्मीको हकहित र सहजीकरणका लागि काम गरिरहेको जानकारी दिए । रासस

# घटस्थापनायता काठमाडौँमा १७५ दुर्घटना

**काठमाडौँ ।**
दशैँको घटस्थापनादेखि आईतवारसम्म काठमाडौँ उपत्यकामा १७५ सवारीसाधन दुर्घटनामा परी नौ जनाले ज्यान गुमाएका छन् ।दशैँको घटनस्थापनादेखि आजसम्म उपत्यकामा १७५ सवारीसाधन दुर्घटना भएका र उक्त दुर्घटनामा परी १८८ जना गम्भीर घाइते भएका काठमाडौँ उपत्यका ट्राफिक कार्यालयका प्रवक्ता एवम् प्रहरी उपरीक्षक नरेशराज सुवेदीले जानकारी दिए । उनका अनुसार अधिकांश घटना रातिको समयमा दुर्घटना भएका छन् ।
ट्राफिक प्रहरीको सक्रियतामा गत वर्षको तुलनामा यसवर्षको दशैँमा काठमाडौँ उपत्यकामा सवारीसाधन दुर्घटनामा निकै कमी आएको प्रवक्ता सुवेदीले बताए । उनले भने, ‘हामीले दशैँ शुरु हुनुअघिदेखि नै सवारीसाधनको जाँचलाई कडाइ गरेका थियौँ, मापसे (मादकपदार्थ सेवन)जाँच, चालक अनुमतिपत्रको निरीक्षण तथा गति सीमामा ध्यान दिने कुरामा पनि ट्राफिक प्रहरी सक्रिय थियो ।’
ट्राफिक प्रहरीले सवारीसाधन चालकलाई विशेषगरी रातिको समयमा चलाउँदा सावधानी अपनाउन, मादक पदार्थ सेवन नगर्न, ट्राफिक नियमको पूर्ण पालना गर्न र सुरक्षित यात्राका लागि सवारी जाँचलाई समर्थन गर्न आह्वान गरेको छ ।
रातिको समयमा सडक सुनसान हुने, चालकले सावधानी नअपनाउने र कतिपय अवस्थामा नशाको अवस्थामा तीव्र गतिमा गाडी चलाउनेजस्ता कारणले दुर्घटनाको जोखिम बढ्ने गरेको प्रवक्ता सुवेदीको भनाइ छ ।
चाडपर्वमा रमाइलो गरेर राति घर फर्कनेको चाप, रमाइलो गर्ने उत्साह र समयको हतारोले गर्दा सवारी दुर्घटनाको जोखिम बढ्ने भएकाले उपत्यका ट्राफिक प्रहरीले नागरिकलाई अझ बढी सतर्क रहन आग्रह गरेको छ ।रासस

# ‘गलत र मिथ्या सूचनाको प्रवाहबारे सबै सचेत बनौँ’

**काठमाडौँ ।**
‘जेन्जी’ आन्दोलनमा ‘डिजिटल प्लेटफर्म’मार्फत भइरहेका गलत र मिथ्या सूचना प्रवाहबारे सबै सचेत हुनुपर्नेमा सरोकार भएकाहरूले जोड दिएका छन् ।
नेपाल एफएम नेटवर्कको आयोजनामा आइतवार यहाँ भएको ‘भ्रामक र मिथ्या सूचनाको चुनौतीः लोकतन्त्र, नागरिक अधिकार र युवा समुदायमा पार्ने प्रभाव, जोखिम र यसका असर’ विषयक छलफलमा सरोकार भएकाहरूले सूचना प्रवाहलाई मर्यादित बनाउनुपर्नेमा जोड दिए ।
छलफलमा राष्ट्रियसभा सदस्य गोपाल भट्टराईले जेन्जी प्रदर्शनका क्रममा सामाजिक सञ्जालको दुरुपयोग गरेर गलत सूचना फैलाउँदा धेरै भयावहको स्थिति उत्पन्न भएको बताए । राष्ट्रियसभा सदस्य गङ्गा बेलबासेले समयमै सामाजिक सञ्जाल व्यवस्थापनसम्बन्धी विधेयक नल्याउँदा प्रदर्शनका क्रममा भ्रम फैलाउन सहयोगी अवस्था बनेको धारणा राखे ।
नेपाल पत्रकार महासङ्घका महासचिव रामप्रसाद दाहालले मिथ्या सूचनालाईं बढावा दिने गतिविधिलाई समयमै नियमन गर्न आवश्यक रहेको धारणा राखे । डिजिटल मिडियाविज्ञ प्रवेश सुवेदीले सूचनाको गलत बुझाइ र दुरुपयोगले सानो घटनाले पनि ठूलो रूप लिइरहेको बताए । सङ्कटका बेला सूचनाको दुरुपयोग गर्ने समूह बढ्ने भएकाले सूचनाको सहि र पारदर्शी सम्प्रेषण गरिनुपर्नेमा उनको जोड थियो ।कार्यक्रममा पत्रकार गोविन्द खड्काले मध्यस्तकर्ताको भूमिका निर्वाह गरेका थिए ।रासस

# धानबालीमा फड्के कीराको सङ्क्रमण



**पर्वत।**
जिल्लाको पैँयु र विहादी गाउँपालिकाका विभिन्न वडामा धानबालीमा फड्के कीराको सङ्क्रमण तीव्र रुपमा फैलिएको छ।

धान फलेर पाक्ने बेलामा फड्के कीराको सङ्क्रमण बढेपछि कृषक चिन्तित बनेका छन् । कृषि ज्ञान केन्द्रका अनुसार कृषि प्राविधिकको स्थलगत अनुगमनका क्रममा ती क्षेत्रमा कीराको आक्रमणका कारण धानबालीमा व्यापक क्षति पुगेको पाइएको छ।

फड्के कीराको बयस्क र बच्चा दुवै चरणले धानको पातको फेदबाट रस चुस्ने हुँदा बोटका पात पहेँलो हुने, फोस्रा दाना लाग्ने र उत्पादनमा उल्लेख्य गिरावट आउने खतरा रहेको केन्द्रले जनाएको छ । अत्यधिक आक्रमण भएका क्षेत्रमा धानका बोट नै सुक्ने अवस्थासमेत देखिएको छ । त्यसलाई 'होपर बर्न' समस्या रहेको बुझिने केन्द्रले जनाएको छ।

कृषि ज्ञान केन्द्रका प्रमुख पर्शुराम अधिकारीले पैँयु गाउँपालिकाअन्तर्गतका केही वडामा फड्के कीराको सङ्क्रमण फैलिरहेको बताए। उनले सङ्क्रमण नियन्त्रणका लागि अनुगमन र प्राविधिकको रिपोर्टका आधारमा विषादी सिफारिस गरिएको बताए।

उनका अनुसार, उच्च आद्रता, खेतमा स्थायी पानी जम्ने अवस्था, असमान रोपाइँ समय, अत्यधिक नाइट्रोजनयुक्त मलको प्रयोग र कीटनाशक विषादीको अनियन्त्रित प्रयोग कीराको वृद्धि हुने प्रमुख कारण रहेका छन्ृ। यस्ता कीराले धानमा लाग्ने भाइरसजन्य रोग सार्ने माध्यमको काम पनि गर्ने भएकाले थप सावधानी अपनाउनुपर्ने अधिकारीले बताए।

सङ्क्रमण न्यूनीकरणका लागि रोपाइँ एउटै समयमा सम्पन्न गर्ने, खेतमा हावापानीको उचित व्यवस्था मिलाउने, युरिया मलको सन्तुलित प्रयोग गर्नुपर्ने, अनावश्यक रूपमा विषादी प्रयोग नगर्ने, मित्र कीटको संरक्षण गर्ने र गुणस्तरयुक्त विषादीको प्रयोग गर्नुपर्ने उनको भनाइ छ । अधिकारीका अनुसार, कृषकलाई आवश्यक जानकारी दिन प्राविधिक परिचालन गरिएको छ। साथै, सङ्क्रमण रोकथामका लागि खेतको नियमित अवलोकन र कीट व्यवस्थापनमा विशेष सतर्कता अपनाउन सुझाव दिइएको केन्द्रले जनाएको छ । कृषि ज्ञान केन्द्रले कीराको संख्या बढी देखिएका क्षेत्रमा विषादी प्रयोग गर्दा धानको बोटको फेदमा पुग्नेगरी छर्कन आग्रह गरेको छ।

पर्वतका अन्य क्षेत्रमा पनि यस्तै समस्या देखिनसक्ने भएकाले सावधानी अपनाउन कृषक र स्थानीय तहलाई जानकारी गराइएको छ।

रोग निदानका लागि कृषकलाई तीन पटकसम्म खेतमा पानी एक हप्ता राखी त्यसपछि पानी निकास गर्ने र चार पाँच दिन खेत सुक्खा राख्नेगरी सिँचाइको व्यवस्था गर्न सुझाव दिइएको छ।रासस

# यसवर्ष पोखरामा धानको उत्पादन बढ्ने

**गण्डकी।**
यसवर्ष पोखरा महानगर क्षेत्रमा धानको उत्पादन बढ्ने भएको छ। धानका लागि मौसम अनुकूल रहनुका साथै फाँटमा धानबाली सप्रिएकाले उत्पादन बढ्ने अनुमान गरिएको हो।

पोखरा महानगरपालिका कृषि विकास शाखा प्रमुख मनहर कडरियाले यसवर्ष गत वर्षको तुलनामा धानको उत्पादन बढ्ने अनुमान गरिएको बताए। उनका अनुसार पोखरा महानगर क्षेत्रमा वार्षिक ३८ हजार मेट्रिकटन धान उत्पादन हुने गरेको छ।

स्थानीय जातको धान प्रवर्द्धन गर्ने उद्देश्यका साथ महानगरले बर्सेनि पोखरेली जेठोबूढो धानको बीउ अनुदानमा वितरण गर्दै आएको जानकारी दिँदै उनले यस वर्ष आठ हजार किलो बीउ वितरण गरिएको बताए।

कृषि विकास शाखा प्रमुख कडरियाका अनुसार पोखराका पामे, बिरौटा, कुडहर, अर्मला, आर्वाका साथै लेखनाथ क्षेत्रका पटनेरी, सिसुवा, सुरौदी, मालमुल, गगनगौँडालगायत स्थानका फाँटमा धान उत्पादन प्रशस्त हुने गरेको छ । 'पोखरा क्षेत्रमा मनसुलीसहित अन्य नयाँ उन्नत जातका धान पाक्न थालेका छन्ृ । कतिपय कृषकले काट्न थालिसकेका छन्,' उनले भने, 'स्थानीय जातका जेठोबूढोलगायत धान पाक्न अलि ढिलो हुन्छ।'
रासस

# दुना टपरी बिक्रीबाट आकर्षक आम्दानी



**दाङ ।**
घोराही उपमहानगरपालिका–४ कि ६३ वर्षीया राधा आचार्यका लागि दुना टपरी गाँस्ने सीप अहिले आम्दानीको स्रोत बनेको छ । छ वर्षअघि दुना टपरी गाँसेर बिक्री सुरु गर्नुभएकी उहाँका अनुसार यसबाट राम्रो आम्दानी भइरहेको छ ।

वनबाट सालको पात ल्याउने र फुसर्दमा हातैले दुना टपरी गाँस्ने उनको अहिले दैनिकी बनेको छ । उनि घर खर्चका लागि यसैबाट पैसा जुटाउन सकेको बताउछन् । 'पहिले आफूसँग पैसा नहुँदा अरुको भर पर्नुपर्दथ्यो, तर अहिले यसबाट आम्दानी हुन थालेपछि सामान्य खर्चका लागि अरुसँग माग्नु पर्दैन', उनले भने ।

आचार्यका अनुसार दुना टपरी बिक्रीबाट मासिक ६÷७ हजार रुपैयाँ आम्दानी भइरहन्छ । आचार्यले गाउँघरमा एक सय वटा टपरीलाई पाँच सय रुपैयाँमा बिक्री गर्छन । बजारमा बिक्री गर्दा भने अलिक सस्तो पर्ने उनको भनाइ छ । दुना भने एक सय वटालाई एक सय २० रुपैयाँ मा बिक्री गरिरहनुभएको छ । वनमा सालको पात टिप्न श्रीमानले पनि साथ दिन्छन् । 'शरीर बुढो हुँदै गएको छ, अरु काम गर्न गाह्रो हुन्छ, फुर्सदको समयलाई सदुपयोग गर्ने यो राम्रो अवसर भएको छ, पैसा पनि आउने समय कटाउन पनि सजिलो हुने,' आचार्यले भने ।

उनले आफैले पैसा कमाउन थालेपछि औषधि किन्न र अरु सामान्य खर्चका लागि सहज भएको बताए । विशेष गरी चाड पर्वमा दुना र टपरीको व्यापार राम्रो हुने उनको बुझाइ छ । अचार्य जस्तै घोराही उपमहानगरपालिका–१६ रातामाटाका शान्ति चौधरी र उनका श्रीमान खुशीराम चौधरी पनि दुना टपरी उत्पादन गर्र्दै आएका छन् । ५१ वर्षिया शान्ति र ५७ वर्षिय खुशीरामले विसं २०६९ बाट दुना टपरी व्यवसाय गर्दै आएका हुन । घरको काम सकेर बचेको समय यो व्यवसायमा उनहरुको दैनिकी बित्ने गरेको छ ।

यहाँको साहारा दुना टपरी लघु उद्योगमा स्थानीय १० जना महिला दिदीबहिनीहरुले पनि नियमित रुपमा काम गर्दै आएका छन् ।

'उद्योगका अध्यक्ष शान्तिले आफूसँगै अन्य दिदीबहिनीहरु पनि जोडिएर आम्दानी गर्दै आएकाले खुशी व्यक्त गर्नुहुन्छ,' उनले भने, 'अलि गाह्रो भनेको वनबाट पात टिपेर ल्याउँदा हुने गरेको छ ।' तर बजारीकरणका लागि त्यति समस्या नहुने गरेको बताए । चौधरी दम्पतीले दुना टपरी बिक्रीबाट मात्रै मासिक १५ हजार रुपैयाँ कमाइरहेको उनको भनाइ छ । दुना टपरी आम्दानीको राम्रो स्रोत मात्र नभइ धार्मिक काममा महत्वपूर्ण मानिन्छ । टपरीको प्रयोग धेरै जसो विवाह, व्रतबन्ध, न्वारनलगायतका काममा बढी प्रयोग हुन्छ ।रासस

# व्यापारिक केन्द्र बन्यो अपिको मकरीगाड

**दार्चुला ।**
सडक यातायातको सहज पहुँचसँगै अपिहिमाल गाउँपालिका–५ स्थित मकरीगाड अहिले व्यापारिक केन्द्र बनेको छ । करिब २० वर्षअघि सामान्य होटल–पसलसम्म सीमित मकरीगाड अहिले दर्जनौँ पसल, होटल र गोदामसहितको आधुनिक बजार बनेको छ ।

विसं २०७६ मा मकरीगाड जलविद्युत् आयोजना सुरु भएपछि सडक विस्तारले यहाँको आर्थिक रुपान्तरणलाई गति दिएको छ । विसं २०६० देखि मकरीगाडमा व्यापार गर्दै आएका धनसिंह लोथ्याल सडक पुगेपछि अहिले मकरीगाडमा बजार व्यवसाय बढेको बताउछन् । 'यो क्षेत्रमा २२ वर्षदेखि होटल व्यवसाय गर्दै आएको छु, पहिले खाना खाने र बास बस्नेमात्रै व्यापार थियो,' लोथ्याल भने 'तर अहिले सबै किसिमको व्यापार मकरीगाडमा भइरहेको छ, बिहानदेखि साँझसम्म चहलपहल बढेको छ ।'

सडक पुगेपछि जिप र मालबाहक ट्रक दैनिक रूपमा मकरीगाडसम्म पुग्न थालेका छन् । पहिला मार्मा गाउँपालिकाको लटिनाथ–सेलविसा हुँदै हुने व्यापार अहिले मकरिगाडमा केन्द्रित भएको छ । लोथ्यालका अनुसार पारिबगरदेखि मकरीगाड सडक खण्डमा खुलेका अधिकांश होटल पसल बन्द भएका छन् ।

अपिहिमालका वडा नं १ देखि ५ सम्मका स्थानीयका लागि मकरीगाड अहिले मुख्य बजार केन्द्र बनेको छ । पहिले लटिनाथबाट पिठ्युँमा सामान बोकेर आउनुपर्ने बाध्यता हटेको छ । पहिले मार्माको सेलविसासम्म मात्रै सडक थियो । स्थानीय लटिनाथबाट पिठ्युँमा समान बोकेर आउँथे । सडक पुगेपछि सामान सबै यहीँ सहज पाउन थालेको लोथ्याल बताउछन् । उनका अनुसार यहाँ व्यापारिक चाप बढेको छ ।

धनगढीबाट रात्रिकालीन आउने यात्रु जिपमार्फत बिहानै मकरीगाड पुग्छन् । अहिले विटुले–पारिबगर–मकरीगाड सडकखण्डमध्ये मार्माको पारिबगरसम्म सडक ग्राभेल गरिएको छ । पारिबगर क्षेत्रसम्म बस सेवा सञ्चालनमा छ । पारिबगरदेखि मकरीगाडसम्म सडक कच्ची भए पनि सामान बोकेका ट्रक मकरीगाडसम्म नियमित सञ्चालन हुने गरेका छन् । मकरीगाडभन्दा माथि सडक नहुँदा पनि अहिले यस क्षेत्रमा व्यापार व्यवसाय बढेको मकरीगाडमा व्यापार व्यवसाय गर्दै आएका विसनसिंह धामी बताउछन् । अहिले यो क्षेत्र सबै प्रकारको व्यापारका लागि केन्द्रबिन्दु बनेको छ । स्थानीयले आफ्नो उत्पादन मकरीगाडसम्म बिक्री गर्न ल्याउँछन् । खण्डेश्वरी घुसाबाट स्थानीयले हरियो साँग, दूध दही मकरीकगाड बजारमा व्यापार गर्ने अवस्था बनेको छ । तराई क्षेत्रबाट खाद्यान्न लत्ताकपडा सहजै यहाँ पुग्ने गरेको छ । यहाँका होटल तथा पसल राम्रो चलेका छन् ।

'विद्युत् नबनेको भए सायदै अहिले नै सडक पुग्थ्यो,' धामीले भने, 'यो सडक कालोपत्र भयो भने अझै यहाँको व्यापार राम्रो हुन्थ्यो ।' अहिलेकोभन्दा सस्तो मूल्यमा सामान मकरीगाडमा उपलब्ध हुनेछ । खाद्यान्न उत्पादन न्यून हुने अपिहिमालका चार वडाका लागि अहिले तराईबाट सहजै खाद्यान्न मकरीगाड पुग्ने गरेको छ । विकास निर्माणमा चाहिने छड, सिमेन्टदेखि दैनिक उपभोग्य सामानको सहज उपलब्धता मकरीगाडमा पुगेको व्यापारी धनसिंह जागरी बताउछन् । अहिलेको अवस्थामा अझै सडक स्तरोन्नतिको खाँचो छ ।

व्यापारी जागरीका अनुसार खाद्यान्न, लत्ताकपडा, सिमेन्ट, छडलगायत दैनिक उपभोग्य सामग्री मकरीगाडमै सहज उपलब्ध छन् । सडक स्तरोन्नति र भाडादर समायोजनको आवश्यकता अझै रहेको उनले बताए । तराईबाट आउने ट्रकहरूले अहिले अपिहिमालमा उत्पादित राज्मा, भटमास, आलु, कोदो, स्याउ र जडीबुटी धनगढीसम्म लैजान थालेका छन् । यसरी पहाड र तराईबीच दोहोरो व्यापार सहज बनेको छ ।

तराईबाट समान लिएर आउने ट्रकले सिजनमा पहाडको उत्पादन तराई पु¥याउन थालेका छन्ृ । अपिहिमालमा उत्पादन हुने राज्मा, भटमास, कोदो, आलु, स्याउ र जडीबुटी तराई पठाउन सहज भएको जागरीले बताए । पहाडको आलु, दाल, स्याउ धनगढीसम्म पुग्न थालेको छ । यो क्षेत्रमा सडकका कारण दोहोरो व्यापार सहज बनेको छ । सडक माथि उक्लिँदै गर्दा व्यापार पनि माथि सर्ने गर्छ । पहिले लटिनाथ सेलविसा व्यापारिक केन्द्र चहलपहल हुन्थ्यो । अहिले मकरीगाड बनेको छ । मकरीगाडबाट झण्डै एक दशमलव पाँच किलोमिटर सडक माथि उक्लिएको छ । अपिहिमालको केन्द्रसम्म सडक पुग्यो भने व्यापार फेरि माथि सर्नेछ ।रासस

# नेप्से परिसूचकमा ७८ अङ्कले घट्यो

**काठमाडौँ ।**
नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचक ७८ दशमलव ८३ अङ्कले घटेर दुई हजार ५०३ दशमलव ३५ को बिन्दुमा कायम भएको छ । यो तीन दशमलव शून्य पाँच प्रतिशतको गिरावट हो ।

आइतवार ३२४ कम्पनीको एक करोड ४३ लाख ६४ हजार ६८२ कित्ता शेयर ६७ हजार २०२ पटक खरिदबिक्री हुँदा छ अर्ब ७० करोड ७२ लाख ४५ हजार २६६ रुपैयाँ बराबरको कारोबार भएको छ । आजको कारोबारमा २४२ कम्पनीको शेयर मूल्य घट्दा नौवटाको मात्रै बढेको हो ।

आज सबै समूहको उपसूचक घटेको छ । सबैभन्दा बढी होटल तथा पर्यटन समूह चार दशमलव ८४ र अन्य समूह चार दशमलव ७९ प्रतिशतले घटेको छ । बैंकिङ दुई दशमलव ३०, विकास बैंक दुई दशमलव ९३, वित्त तीन दशमलव ६७, जलविद्युत् तीन दशमलव ९७, लगानी तीन दशमलव १३ र जीवन बिमा समूह दुई दशमलव ५५ प्रतिशतले घटेको छ । त्यस्तै, उत्पादन तथा प्रशोधन एक दशमलव ९४, लघुवित्त दुई दशमलव ८८, म्युचुअल फन्ड शून्य दशमलव ९९, निर्जीवन बिमा दुई दशमलव ३२ र व्यापार समूह दुई दशमलव ८५ प्रतिशतले घटेको छ ।

नेपाल माइक्रो इन्स्योरेन्क कम्पनी लिमिटेडको शेयर मूल्य आज सबैभन्दा बढी छ दशमलव शून्य एक प्रतिशतले बढेको छ । सबैभन्दा बढी बुटवल पावर कम्पनी लिमिटेडको शेयर मूल्यमा नौ दशमलव २७ प्रतिशतको गिरावट देखिएको छ ।

कारोबार रकमका आधारमा आज सबैभन्दा बढी नेपाल रिइन्स्योेरेन्स कम्पनी लिमिटेडको ३८ करोड सात लाख ४७ हजार ७२ रुपैयाँ बराबरको कारोबार भएको छ । कारोबार भएका शेयर संख्याका आधारमा सबैभन्दा बढी युनियन हाइड्रोपावर लिमिटेडको सात लाख २६ हजार ६७३ कित्ता शेयर किनबेच भएको छ ।रासस

# गाजाका सुरुङहरू नष्ट गर्ने इजरायलको घोषणा



**इजरायल।**
इजरायलले आफ्ना बन्धकहरू मुक्त भएपछि अमेरिकी स्वीकृतिमा गाजा क्षेत्रमा रहेको हमासको भूमिगत सुरुङ सञ्जाल पूर्ण रूपमा नष्ट गर्ने योजना बनाएको जनाएको छ।

रक्षामन्त्री इजरायल काट्जले आइतबार जारी गर्नुभएको विज्ञप्तिमा भने, 'बन्धक मुक्तिको चरणपछि इजरायलको सबैभन्दा ठूलो चुनौती गाजामा रहेका हमास आतङ्कवादी सुरुङहरूको सम्पूर्ण विनाश हुनेछ । मैले सेनालाई यो अभियानका लागि तयार रहन आदेश दिएको छु ।' काट्जका अनुसार यो अभियान संयुक्त राज्य अमेरिकाको नेतृत्वमा स्थापित 'अन्तर्राष्ट्रिय संयन्त्र' अन्तर्गत सञ्चालन गरिनेछ। उक्त संयन्त्रले हालै सम्पन्न तीन दिनको गाजा युद्धविरामलाई पनि प्रायोजन गरेको थियो।

हमासले गाजा भूमिगत क्षेत्रमा व्यापक सुरुङ सञ्जाल सञ्चालन गर्दै आएको छ। ती सुरुङले हमासका लडाकूहरूलाई इजरायली निगरानी र हवाई आक्रमणबाट बच्न मद्दत गर्दछ। ती सुरुङमध्ये केहीले इजरायलको सीमापर्खालमुनि प्रवेश गर्दै आकस्मिक आक्रमणहरू गर्न सम्भव बनाएका थिए।

सन् २०२३ को अक्टोबर ७ मा हमासद्वारा गरिएको सीमापार आक्रमणपछि सुरु भएको दुई वर्ष लामो युद्धमा यी सुरुङहरूमध्ये धेरै नष्ट भइसकेका छन् । तथापि रक्षामन्त्री काट्जले बाँकी रहेका सबै सुरुङहरू 'हमासको निःशस्त्रीकरण र विसैन्यीकरणको ढाँचा' अन्तर्गत पूर्ण रूपमा ध्वस्त पारिने बताए । यो योजना अमेरिका समर्थित युद्धविरामको दोस्रो चरणमा समावेश गरिएको छ।

हमासले भने अमेरिकी प्रस्तावको पहिलो चरणमा सहमति जनाइसकेको छ। उक्त सहमतिअनुसार गत शुक्रबार युद्धविराम लागू भएको हो। यस योजनाअनुसार सोमबारसम्म ४८ जना इजरायली बन्धकहरू — जीवित र मृत दुवै — मुक्त गरिने अपेक्षा गरिएको छ।

यसको सट्टामा इजरायलले २५० जना 'राष्ट्रिय सुरक्षा कैदी' लाई रिहा गर्ने योजना बनाएको छ, जसमा घातक आक्रमणमा संलग्न भई दोषी ठहरिएका कैदीहरू र हाल इजरायली सेनाले नियन्त्रणमा लिएका करिब एक हजार सात सय गाजाबासी समावेश हुनेछन् । तर, हमासले निःशस्त्रीकरणको मागलाई अस्वीकार गरेको छ । सङ्गठनका वरिष्ठ अधिकारी होसम बद्रानले आइतबार एएफपीसँग कुरा गर्दै अमेरिकी योजनाको दोस्रो चरण 'धेरै जटिल र कठिन' रहेको प्रतिक्रिया दिए । इजरायलले भने गाजाको भूमिगत आतङ्कवादी संरचनालाई 'पूर्ण रूपमा समाप्त गर्नु' आफ्नो दीर्घकालीन सुरक्षा लक्ष्य भएको दोहोर्‍याएको छ ।रासस

# अझै खुलेन मेची राजमार्ग



**इलाम।**
असोज १८ गतेको भीषण वर्षापछि गएको पहिरोका कारण अवरुद्ध मेची राजमार्ग अझै सञ्चालनमा आउन सकेको छैन । मेची राजमार्गअन्तर्गत इलाम नगरपालिका–९ स्थित इलाम–राजदुवाली सडकखण्डमा ठूलो पहिरो खसेपछि आवतजावत पूर्ण रूपमा रोकिएको छ।

सडक डिभिजन इलाम, स्थानीय बासिन्दा र सुरक्षाकर्मीले एक सातादेखि लगातार सडक खुलाउन प्रयास गरे पनि हालसम्म सफल भएका छैनन् । सडक विभागको प्राविधिक टोली र स्थानीय बासिन्दाले सडक खुलाउने प्रयास गरिरहेका छन्।

सडक खुलाउने प्रयास भइरहेको सडक डिभिजन कार्यालयका डिभिजन प्रमुख पवन भट्टराईले बताए । ठूलो पहिरो खसेकाले सडक सञ्चालन गर्न समस्या भएको उनले बताए।

'सडक खुलाउन हामी दिनरात लागिरहेका छौँ,' उनले भने, 'तर सि–ङ्गो डाँडा नै भासिएकाले समस्या भएको हो ।' पहिरो पन्छाउन सडक डिभिजनले तीनवटा एस्काभेटरको प्रयोग गरेको छ।

सहायक प्रमुख जिल्ला अधिकारी भोलानाथ गुरागाईंले सडक मर्मतकै क्रममा रहेकाले सुरक्षित रूपमा आवागमन गर्न सकिनेगरी मर्मत नहुन्जेलसम्म सो सडक सञ्चालनमा रोक लगाइएको बताए । 'सडकखण्ड मर्मतकै क्रममा छ । सुरक्षित रूपमा आवागमन गर्न सकिनेगरी मर्मत नहुन्जेलसम्म सडक सञ्चालनमा रोक लगाएका छौँ,' उनले भने।

राजमार्गको राजदुवाली र इलाम–नेपालटार खण्डको मिलगोलाईमा ठूलो क्षति पुगेको छ । मिलगोलाईको अवरोध हटाइसकिएको सडक डिभिजनले जनाएको छ । मिलगोलाईको अवरोध हटाएपछि पाँचथर र ताप्लुजेङबाट राजदुवाली पहिरोमाथिसम्म सवारी सञ्चालनमा आएको छ । झापाबाट फिक्कल हुँदै माईखोलासम्म यातायात नियमित सञ्चालनमा छ । तर राजदुवालीमा पहिरो खसेकाले सडक अझै अवरुद्ध रहँदा इलामसहित पाँचथर, ताप्लेजुङ र झापाका यात्रुहरू प्रभावित भएका छन्।

इलामसहित पाँचथर र ताप्लेजुङबाट झापा जाने सवारीसाधन राजदुवाली पहिरोमाथि र झापाबाट इलाम, पाँचथर र ताप्लेजुङ जाने सवारीसाधन माईखोलामा रोकिएका छन् । सो ठाउँदेखि पहिरोमाथिसम्म करिब डेढ किलोमिटर यात्रुहरूलाई पैदल नै आवतजावत गर्नुपर्ने बाध्यता छ। बिरामी र ज्येष्ठ नागरिकलाई भने स्टेचरमा बोकेर माईखोला पारिबाट राजदुवाली माथिसम्म र राजदुवाली माथिबाट माईखोला पारिसम्म पुर्याउन सुरक्षाकर्मीले सहयोग गरिरहेका छन् । वैकल्पिक सडकका रूपमा प्रयोग हुँदै आएको मेची करिडोर (केचना–कञ्चनजङ्घा सडक)अन्तर्गत पुवाखोला र तिल्केनी–सिमलगोलाई सडकअन्तर्गत जोगमाईखोलाको बेलीब्रिज पनि बाढीले बगाएपछि इलामबाट झापा झर्ने कुनै सडक खुलेको छैन । बाढीपहिरोका कारण जिल्लाका अधिकाशं स्थानीय पालिका सदरमुकामसँगको सडक सञ्जालबाट विच्छेद भएका छन् । जिल्लाका १० स्थानीय तहमध्ये पाँच स्थानीय तह हालसम्म सदरमुकामसँगको सडक सञ्जालबाट विच्छेद भएका छन् । राजदुवाली सडकखण्ड अवरुद्ध भएकाले सूर्योदय नगरपालिका, बेलासे सडकखण्डको पुल भाँचिएपछि माई नगरपालिका, देउमाई पुल भत्किएकाले माङसेबुङ गाउँपालिका, जोगमाई खोलाको बेलीब्रिज बगाएपछि माईजोगमाई गाउँपालिकाका सडक क्षतविक्षत भएकाले फाकफोकथुम गाउँपालिका सदरमुकामसँगको सडक आवागमनबाट विच्छेद छन्।

इलाममा हालैको सानाठूला गरी १९ पक्की पुल, दुई बेलीब्रिज, ११ कल्भर्ट र तीन झोलुङ्गे पुलमा क्षति पुगेको छ भने ३१ सडकमा क्षति पुगेको जिल्ला प्रशासन कार्यालयले जनाएको छ । यहाँ बाढीपहिरोबाट ३९ जनाको ज्यान गएको छ भने २६ जना घाइते भएका र एक जना बेपत्ता छन् । प्रमुख जिल्ला अधिकारी सुनिता नेपालले ती घटनाबाट दुई सय ७६ परिवार विस्थापित, एक सय ५१ घर पूर्ण र तीन सय २७ घर आंशिक क्षतिग्रस्त भएको बताए।रासस

## झापामा बाढीको कहरः

# चार करोड बराबरको क्षति

झापा।
अविरल वर्षापछि आएको बाढीका कारण झापामा करिब दुई हजार ५०० बालबालिका प्रभावित भएका छन् । बाढीले जिल्लाका विभिन्न स्थानका दुई हजार पाँच सय बालबालिका प्रभावित भएको जिल्ला प्रशासन कार्यालयका सूचना अधिकारी सहायक प्रमुख जिल्ला अधिकारी तेजप्रकाश प्रसाईंले जानकारी दिए । 'प्रभावित बालबालिकालाई शैक्षिक सामग्रीको व्यवस्थापन गर्ने काम भइरहेको छ,' उनले भने, 'सम्बन्धित पालिकालाई पुस्तकको व्यवस्थापन गर्न भनिसकिएको छ।'



अविरल वर्षापछिको बाढीले जिल्लामा करिब चार हजार ५०० घरपरिवार प्रभावित भएकामा झण्डै तीन हजार ४०० घरपरिवार झापा गाउँपालिकाका रहेको उनले बताए। गत २३ गतेयता झापा गाउँपालिका वडा नं १ र २ का करिब एक हजार ७०० बाढीपीडितलाई राहत प्याकेज वितरण गरिएको उनले बताए।

बाढीपीडितलाई राहतसँगै कृषि, पशु, पूर्वाधारलगायत क्षेत्रमा भएको क्षतिको विवरण सङ्कलनको काम भइरहेको छ । विपद्जन्य रोगबाट बचाउन मेची प्रादेशिक अस्पताल, स्वास्थ्य कार्यालयको टोली प्रभावित क्षेत्रमा खटिएको सहायक प्रजिअ प्रसाईंले बताए।

पानीजन्य रोग नियन्त्रणका लागि पानी निर्मलीकरण गर्ने, शुद्ध खानेपानीको ट्याङ्की राख्ने काम भइरहेको जनाइएको छ । राहत वितरणका लागि विभिन्न व्यक्ति, सामाजिक सङ्घसंस्था, व्यावसायिक प्रतिष्ठानले सहयोग गरिरहेका छन् । करिब चार हजार परिवारलाई वितरण गर्न सकिनेगरी खाद्यान्न व्यवस्थापन भइसकेको सहायक प्रजिअ प्रसाईंले बताए । उनले भने, 'अहिले राहत वितरणका लागि खाद्यान्नको अभाव छैन ।'जिल्ला विपद् व्यवस्थापन समितिले 'एकका लागि एक अभियान'सँगको सहकार्यमा एकद्वार प्रणालीमार्फत जिल्लाका बाढीपीडितलाई राहत वितरण गरिरहेको छ । एकका लागि एक अभियानका संयोजक महेन्द्रकुमार गिरीले दुई हजार परिवारलाई राहत दिन पुग्नेगरी करिब ६० लाख रुपैयाँ विभिन्न दाताबाट प्राप्त भइसकेको बताए।

बाढीपीडितलाई राहत प्याकेजअनुसार प्रतिपरिवार चामल एक बोरा, तेल एक लिटर, नुन दुई केजी, आलु पाँच केजी, दाल दुई केजी, पानी एक कार्टुन, म्याट दुई थान र कम्बल दुई थान वितरण गर्रिंदै आएको छ।

**कनकाईमा चार करोडको क्षति**

यसैबीच, गत असोज १८ गते आएको बाढीले झापाको कनकाई नगरक्षेत्रमा करिब चार करोड रुपैयाँ बराबरको क्षति भएको छ । नगरपालिकाका प्रमुख राजेन्द्रकुमार पोखरेलले नगरक्षेत्रमा बाढीका कारण करिब चार करोड रुपैयाँ बराबरको क्षति भएको जानकारी दिए । कनकाईमा कनकाई माई नदीमा आएको बाढीले करिब २५ बिघा जमिन कटान गरेको छभने करिब आठ सय मिटर सडकमा क्षति पुर्याएको छ।

'नदी नियन्त्रणका लागि नगरपालिकाले कनकाई र बिरीङ नदीमा तटबन्धन गरेकाले धेरै क्षति हुन पाएन,' नगरप्रमुख पोखरेलले भने, 'नगरक्षेत्रमा बाढीका कारण करिब ५० घरपरिवार प्रभावित भएका छन् ।' विभिन्न सामाजिक सङ्घसंस्थासँगको सहकार्यमा राहत वितरणको काम भइरहेको बताउदै उनले तत्काल कार्यपालिकाको बैठकबाट निर्णय गरेर राहतका कार्यक्रम ल्याइने बताए।रासस

# आयातीत प्रसाद रोक्न 'रोट' बनाइँदै

**बागलुङ।**
बागलुङ नगरपालिका–१ का डम्मरबहादुर मल्ल बिहान झिसमिसेमै कालिका मन्दिर गेटमा पुग्ने गरेका छन् । जहाँ उनको सानो पसल र रोट (मन्दिरमा चढाउने प्रसाद) बनाउने अँगेनो छ । मन्दिरमा भक्तजन आउनुपूर्व नै मल्लले 'रोट' बनाउन सुरु गर्छन । मन्दिरमा आउने भक्तजन मल्लको रोट पकाउने अँगेनो छेउमै आएर तात्तातो रोट लिएर चढाउन जान्छन्् । मल्ल बिहानदेखि साँझसम्मै रोट बनाउनमा व्यस्त हुन्छन् । अहिले उनको दैनिकी रोट बनाउने र बिक्री गर्नमै बित्ने गरेको छ।

मन्दिरमा आउने दर्शनार्थीले प्रसादका रूपमा आयातित तयारी मिठाई तथा नरिवल चढाउने चलन बढेपछि मल्लले मन्दिर गेटमै पसल स्थापना गरेर रोट बनाउन थालेका हुन । अहिले उनले उत्पादन गरेको रोट बागलुङमा ब्राण्ड बन्दै गएको छ । मन्दिरमा आउने हरेक दर्शनार्थीले मल्लले रोट बनाएको हेर्छन् । कतिले किन्छन्् त कतिले रोट बनाएको देखेर मुख मिठाउँदै फर्किन्छन्् । भगवानलाई चढाउने रोट मल्ले बनाउन थालेपछि कालिका मन्दिरसँगै म्याग्दी, पर्वत र मुस्ताङ जिल्लाका अन्य मन्दिर पनि यहाँबाट किनेर लैजाने गरेका छन्।

डम्मरले आयातित प्रसाद रोक्न छ वर्ष अगाडिदेखि यहाँ रोट बनाउन थालेका हुन । बागलुङ कालिकामा दुई दशक अगाडिसम्म रोट चढाइन्थ्यो । लामो समय मिठाई, नरिवललगायत अन्य प्रसाद चढाउन थालिएको कालिकामा अहिले फेरि रोट चढाउन सुरु भएको छ।

पहिले पूजाअर्चना गर्न आउने दर्शनार्थीले घरबाटै तयारी रोट लिएर कालिका मन्दिरलाई चढाउने गरेकामा अहिले मल्लको पसलबाट किन्न थालिएको छ । बागलुङमा रोट बनाउने मल्ल एक्लो व्यवसायी छन् । भगवानलाई स्थानीय उत्पादन नै चढाउनुपर्छ भन्ने उद्देश्यले रोट बनाउन थालेको मल्ल बताउछन्।

पहिले हरेक नागरिकले मन्दिरमा पूजा गर्न आउँदा रोट ल्याउने गरेको स्मरण गर्दै त्यो परम्परालाई पुनः फर्काउनुपर्ने उनले बताए । रोटलाई कालिका मन्दिर चढाइने शुद्ध र चोखो प्रसादका रूपमा लिने हुँदा पछिल्लो समय धेरैले रोट चढाउन थालेको मल्लको भनाइ छ।

दुईतीन वर्ष अगाडिसम्म बुढापाकाले मात्र रोट किनेर चढाउने गरेको भए पनि पछिल्लो समय युवायुवतीले पनि चढाउन थालेका उनले सुनाए।

'कालिकामा रोट चढाउने त पुरानो प्रचलन हो, मौलिकता हो, तर पछिल्लो समय धेरैले बाहिरबाट ल्याएको प्रसाद चढाउन थाले, त्यसले गर्दा रोटको महत्व घटेको थियो, अहिले फेरि धेरैमा रोट चढाउनुपर्छ भन्ने सोचको विकास भएको छ,' मल्लले भने, 'यहाँ बनाउने रोट शुद्ध हुन्छ, केही मिसावट हुँदैन, भक्तजनलाई उहाँहरूकै आँखा अगाडि रोट बनाएर दिन्छौँ, अहिले त धेरैले रोट चढाउनुपर्छ भनेर आउनुहुन्छ, विस्तारै रोट चढाउने थिति बस्दैछ।'

मल्ले रोट बनाउन थालेपछि सुरुमा बिक्री हुँदैनथ्यो । उनलाई स्थापित हुन निकै गाह्रोसमेत भएको थियो । तर अहिले मल्लको व्यवसाय फस्टाउन थालेको छ । अहिले पनि मन्दिरमा हजारौँ भक्तजन आए पनि सीमितले मात्र रोट चढाउने गरेका छन्् । तर यसबाट मल्ल भने सन्तुष्ट रहेको बताउछन् । मल्लले दसैँ अवधिमा मात्र दुई लाख रुपैयाँको रोट बिक्री गरे । हरेक दिन ५० देखि १०० रोट बिक्री हुने उनले सुनाए।

चामलको पीठोमा चिनी, नरिवल, बदाम, काजु मिसाएर घ्यूमा रोट पकाउने गरिन्छ । प्रतिगोटा रोटलाई चार सयका दरले बिक्री गर्ने गरेको मल्लले सुनाए। वार्षिक सात लाख रुपैयाँ बराबरको रोट बिक्री हुने उनको भनाइ छ । रोट बिक्री गरेर भगवानको सेवा गरेको भन्दै यहीबाट आफ्नो परिवार चलाएको मल्लले बताए।

पछिल्लो समय कालिका मन्दिरमा बर्सेनि ५० लाखभन्दा बढीको नरिवल बिक्री हुने गरेको छ । कालिका दर्शन गर्न आउने जोकोहीको हातमा पनि नरिवल हुन्छ । तर, पछिल्लो पुस्ताले बिर्सिएको रोट चढाउने परम्परा अहिले पुनः प्रचलनमा आउन थालेको छ । मन्दिर आउने बुढापाकाले रोट खोजेरै चढाउन लैजाने गरेका छन्।रासस

# गर्भवतीलाई क्याल्सियम र आइरन चक्की अभाव

**गोरखा।**
पालुङटार नगरपालिकाका गर्भवतीलाई विगत दुई महिनादेखि क्याल्सियम र आइरन चक्कीको अभाव छ । नगरपालिकाले समयमै खरिद नगर्दा पालिकाभरका गर्भवतीले नियमित रूपमा सेवन गर्नुपर्ने क्याल्सियम र आइरन चक्की खान नपाएका स्वास्थ्यचौकीका इञ्चार्जहरूले बताएका छन्।



विगत दुई महिनादेखि गर्भवतीलाई क्याल्सियम र आइरन चक्की दिन नपाएको नगरपालिकाको केन्द्र ठाँटीपोखरी बजारमा अवस्थित वडा नं ५ को स्वास्थ्यचौकीले जनाएको छ । 'केही महिनादेखि नै आइरन चक्की र क्याल्सियमको अभाव भइरहेको छ । दुई महिनायता ठप्पै छ,' ठाँटीपोखरी स्वास्थ्यचौकी स्वास्थ्यकर्मी रमा थापामगर भनिन, 'क्याल्सियम र आइरन चक्की लिन आउनेलाई बजारका औषधि पसलमा किनेर खान सुझाव दिने गरेका छौँ।'

दशवटा वडा रहेको पालुङटार नगरपालिकाको सबै स्वास्थ्य संस्थामा क्याल्सियम र आइरन चक्की छैन । 'विगत डेढ महिनादेखि आइरन चक्की र क्याल्सियम छैन,' वडा नं १० को स्वास्थ्यचौकी प्रमुख अनिशा जोशी भनिन, 'हामीले पनि आफैँ किनेर खानुस् भनेर फर्काउने गरेका छौँ। अब औषधि कहिले आउँछ थाहा छैन। सित्तैमा पाइने औषधि पैसा हालेर किन्नुपर्ने भन्दै गर्भवतीहरू गुनासो गर्नुहुन्छ।

कतिपय महिलाले भने स्वास्थ्यचौकीले नै किनेर उपलब्ध गराउन दबाब दिने गरेको उनको भनाइ छ । 'कतिपय औषधि पसलमा पनि धेरै आइरन चक्की किन्न नदिने रहेछन् । अनि महिला रिसाएर हामीलाई नै किनेर व्यवस्था गरिदिन भन्नुहुन्छ,' उनले भनिन । मिरकोट स्वास्थ्यचौकीबाट करिब २५ गर्भवतीले नियमित रूपमा आइरन चक्की र क्याल्सियम खाँदै आएका जोशीले बताए।

पालिकाको वडा नं ९ स्थित सेरा स्वास्थ्यचौकीमा कार्यरत स्वास्थ्यकर्मी गङ्गादत्त सेढाईंले पनि आफ्नो स्वास्थ्यचौकीमा आइरन चक्की र क्याल्सियम अभाव रहेको गुनासो गरेका छन् ।'दुई महिनादेखि आइरन चक्की र क्याल्सियम अभाव छ,' उनले भनिन्।

प्रदेश जनस्वास्थ्य कार्यालयका प्रमुख यामप्रसाद शर्माले आइरन चक्की र क्याल्सियम जस्ता औषधि खरिद गर्ने जिम्मेवारी स्थानीय तहकै रहेको बताए। 'सरकारले नागरिकलाई निःशुल्क प्रदान गर्ने ९८ प्रकारका औषधिमध्ये कतिपय सङ्घबाट, कतिपय प्रदेश र कतिपय स्थानीय तह आफैँले किन्नुपर्ने प्रावधान छ । जसमध्ये आइरन चक्की र क्याल्सियम सङ्घीय बजेटबाट स्थानीय तह आफैँले किन्नुपर्ने हुन्छ।'

उनले भने, 'तर विगतमा आइरन चक्की र क्याल्सियम सङ्घबाटै आइरहेको अवस्था थियो । तीन÷चार महिनाअघिमात्र सङ्घले यी औषधि पठाउन नसक्ने र स्थानीय तह आफैँले व्यवस्थापन गर्नुपर्ने भनेर सूचना जारी गरेको छ ।' त्यसपछि पालिकाहरू आफैँले ती औषधि व्यवस्थापन गर्नुपर्ने हुन्छ । प्रदेश जनस्वास्थ्य कार्यालयले प्रदेश आपूर्ति केन्द्रबाट आएको औषधि पालिकापालिकामा पठाउने काममात्र हेर्ने शर्मा बताउछन्।रासस

# नाम्खाको तुम्लिङमा यात्रु रोकिए न्यालु सडक अझै खुलेन

**हुम्ला।**
उत्तरी नाम्खा गाउँपालिका–६ लिमी घुम्न गएका ४० जनाभन्दा बढी यात्रु अलपत्र परेका छन् । सोमबार र मङ्गलबार परेको हिमपातले घुम्न गएका आन्तरिक र बाह्य पर्यटक लिमी क्षेत्रको तुम्लिङमा रोकिएका छन्।

पर्यटकीय क्षेत्र नाम्खा गाउँपालिकाको लिमीको पदयात्रा सकाएर सिमकोट फर्किने क्रममा दुई दिन परेको बाक्लो हिमपातले न्यालुको बाटो छिचोल्न नसकेपछि उनीहरू तुम्लिङमा रोकिएका तुम्लिङमा रहनुभएका उब्जन रावतले बताए । हिमपातका कारण नाम्खा गाउँपालिका–६ को लिमीको न्यालु लेकको बाटो अवरुद्ध हुँदा सवारीसाधनले सडकको हिउँ छिचोल्न नसकेर आफूहरू पाँच÷छ दिनदेखि उतै रोकिनुपरेको रावतले बताए।

न्यालु लेकमा परेको तीन फिट बढी हिउँ पन्छाउने कार्य अघि बढ्न सकेको छैन । शनिबार दिउँसो घाम लागेपनि यात्रुले हिउँ पन्छाउन खोज्दा नसकिएको उनको भनाइ छ। न्यालु लेकको सडकमा जमेको हिउँ पन्छाउनका लागि लिमीको तुम्लिङमा टेलिफोन सेवाले काम नगर्दा साढे एक घण्टा पैदलयात्रा गरिसकेपछि सम्बन्धित निकायमा हिउँ पन्छाउन आग्रह गरेको रावत बताउछन् । हिमपातले बाटो बन्द भएपछि आन्तरिक तथा बाह्य पर्यटकलाई आवतजावतमा समस्या रहेको तुम्लिङमै रहनुभएका पवन रोकायाले बताए । न्यालु लेकको सडकमा जमेको हिउँ पन्छाउने कार्य सकभर आज हुने नभए सोमबारसम्म पन्छाइसकिने भएको पूर्वाधार विकास कार्यालयका प्रमुख नरेशराज जैसीले बताए। यो सडक पूर्वाधार विकास कार्यालयले हेर्दै आएको छ।रासस

# निर्वाचनलाई सफल बनाउन सुरक्षा हुनुपर्छः यादव



**मोरङ ।**
जनता समाजवादी पार्टी, नेपालका केन्द्रीय अध्यक्ष उपेन्द्र यादवले अन्तरिम सरकारले आगामी फागुन २१ गते हुने संसदीय निर्वाचनलाई सफल बनाउन सुरक्षाको वातावरण बनाउनुपर्ने बताएका छन् ।
पार्टीको १ नं प्रदेश समितिको आइतबारदेखि यहाँ शुरु भएको दुईदिने एकताको प्रथम अधिवेशनको उद्घाटन गर्दै अध्यक्ष यादवले दलहरुको सहभागिता बिना निर्वाचन सफल हुन नसक्ने भएकाले सरकारले अविलम्ब दलहरुसँग बैठक एवम् वार्ता गर्नुपर्नेमा जोड दिए ।
अध्यक्ष यादवले संविधानको पुनःलेखन गरी शासकीय स्वरुपमा संशोधन गरी जनताबाट प्रत्यक्ष निर्वाचित राष्ट्रपति भएमा मात्र मुलुकमा राजनीतिक स्थायित्व एवम् विकास सम्भव हुने धारणा राखे । उनले विगतको दुई तिहाइ सरकारको कुशासनका कारण मुलुक गरिबीतर्फ गएकाले जेन्जीको आन्दोलनले सरकार दुई दिनमा ढलेको स्मरण गराए ।
पार्टीका सहअध्यक्ष रकम चेम्जोङले जेन्जीको आन्दोलनले भ्रष्टाचारलाई किनारा लगाएको चर्चा गर्दै आन्दोलनको उपलब्धिलाई संस्थागत गर्न जनतासमक्ष जानुपर्ने बताए । पार्टीका प्रदेश अध्यक्ष दीपक याक्ख्याको सभापतित्वमा भएको उक्त कार्यक्रममा पूर्वमन्त्री जयराज यादव, पार्टीका सचिवद्वय लाक्पा शर्मा र राजकुमार राई, नेता अर्जुन थापा, सञ्जय सिंहलगायतले जेन्जी आन्दोलन भ्रष्टाचारविरुद्ध एवम् जनताको हकअधिकार स्थापित गर्न भएको विचार राखे । एकताको अधिवेशनमा प्रदेशका १४ जिल्ला समितिका पदाधिकारी एवम् विभिन्न जनवर्गीय सङ्गठनका प्रतिनिधिको सहभागिता रहेको छ ।

# देश बचाउन जनता जाग्नुपर्छः केसी

**चितवन ।**
राष्ट्रिय जनमोर्चाका अध्यक्ष चित्रबहादुर केसीले देश बचाउनका लागि जनता जाग्ने समय आएको बताएका छन् । अखिल नेपाल जनजाति सम्मेलनको पाँचौँ महाधिवेशनको आइतबार उद्घाटन गर्दै अध्यक्ष केसीले देशमा विदेशी चलखेल बढेको भन्दै जनता जाग्ने समय आएको बताए । अहिलेको अवस्थामा नेपालको रक्षाका लागि नेपाली जनता एक हुन आवश्यक रहेको उनको भनाइ थियो ।
‘नेताहरु स्वच्छ र इमान्दार नभएका कारण यो समस्या आएको हो’, अध्यक्ष केसीले भने, ‘नेताहरुमा जनताको चिन्ताभन्दा अघिपछि हिँड्नेको चिन्ता हुँदा अहिले जेन्जीले आन्दोलन गरेको हो ।’

**राजनीतिक कार्यक्रममा पहिलोपटक मोहन विक्रम**

नेपाल कम्युनिष्ट पार्टी (मसाल)का महामन्त्री मोहनविक्रम सिंह राजनीतिक नेतृत्वमा आएपछि पहिलोपटक राजनीतिक कार्यक्रमलाई सम्बोधन गरेका छन् । अखिल नेपाल जनजाति सम्मेलनको पाँचौँ महाधिवेशनलाई उहाँले आईतवार नारायणगढमा सम्बोधन गरेका हुन ।
सम्बोधन गर्दै महामन्त्री सिंहले जेन्जी आन्दोलनको फाइदा स्वार्थरत राजनीतिक दलहरुले लिएको बताए । जेन्जी आन्दोलन भ्रष्टाचारको विरुद्ध भए पनि उग्र हुनु भनेको स्वार्थका लागि खेल खेलिएको आफूले महसुस गरेको उनले बताए ।
कार्यक्रममा अखिल नेपाल किसान महासङ्घका अध्यक्ष भैरव रेग्मी, अखिल नेपाल युवक सङ्घका अध्यक्ष गणेश अधिकारी, अखिल नेपाल ट्रेड युनियन महासङ्घका महासचिव शालिकराम सापकोटालगायतले वर्तमान राजनीतिक परिवेशमा पार्टी र जनवर्गीय सङ्गठनले खेल्नुपर्ने भूमिकाबारे आ–आफ्नो धारणा राख्नुभएको थियो । महाधिवेशन सोमबारसम्म चल्ने छ । सम्मेलनले नयाँ नेतृत्व चयन गर्नेछ ।रासस

# पार्टी एकता निष्कर्षमा पुऱ्याउन निर्देशन

**काठमाडौँ ।**
नेकपा एकीकृत समाजवादीले विचार मिल्ने वाम दलहरूसँगको पार्टी एकता प्रक्रियालाई निष्कर्षमा पु¥याउन कार्यदललाई निर्देशन दिएको छ ।
आइतबार सम्पन्न पार्टी सचिवालय बैठकले एकता प्रक्रियालाई अन्तिम निष्कर्षमा पु¥याउन कार्यदललाई जिम्मेवारी स्पष्ट रूपमा तोकेको उपमहासचिव रामकुमार भट्टराईले जानकारी दिए ।
यसअघि पार्टीले नेता डा. बेदुराम भुसालको नेतृत्वमा तीन सदस्यीय कार्यदल गठन गरेको थियो । सो कार्यदललाई थप गृहकार्य गरी एकताको रूपरेखा तयार पार्न र त्यसलाई निष्कर्षमा पु॓याउन निर्देशन दिइएको हो ।
भट्टराईका अनुसार, कार्यदलले तयार पारेको प्रतिवेदनलाई आगामी केन्द्रीय समिति बैठकले अनुमोदन गर्नेछ । सचिवालय बैठकले केन्द्रीय समितिको बैठकअघि असोज २९ गते स्थायी समिति बैठक बस्ने र त्यसपछि केन्द्रीय समिति बैठक भर्चुअल माध्यमबाट सञ्चालन गर्ने निर्णय गरेको छ ।
एकीकृत समाजवादी, माओवादी केन्द्र, नेकपा (नेपाल कम्युनिष्ट पार्टी) र नेकपा (एस)बीच पछिल्ला दिनमा पार्टी एकताबारे निरन्तर छलफल भइरहेको छ ।
नेताहरूका अनुसार ती छलफलहरू सकारात्मक दिशामा अघि बढेका छन् र आगामी कात्तिक महिनाभित्रै औपचारिक एकता घोषणा गर्ने तयारी भइरहेको छ ।
पार्टीले एकतालाई वाम राजनीतिक शक्तिहरूबीचको सहकार्य र संगठनात्मक सुदृढीकरणको महत्वपूर्ण अवसरका रूपमा लिएको जनाएको छ ।

# वीरगंजसहित बारा–पर्सामा हैजाविरुद्ध खोप अभियान

**मधेशदृष्टि**
**वीरगंज ।**
सरकारले वीरगंजमा डेढ महिनाअघि देखिएको हैजा र झाडापखालाको महामारी रोकथामका लागि पर्सा र बारा जिल्लामा आइतबारदेखि हैजा विरुद्धको खोप अभियान शुरु गरेको छ । वीरगंज महानगरसहित पर्साका केही पालिकामा भदौ ६ गतेदेखि हैजा र झाडापखालाको महामारी फैलिएकोमा हालसम्म पनि अस्पतालमा झाडापखालाका बिरामी उपचाररत छन् ।
वीरगंजसहित पर्सामा डेढ महिना पहिले फैलिएको हैजाको प्रकोप पूर्ण रुपमा नियन्त्रणमा अझै आइनसकेको कारणले सरकारले पर्सा र छिमेकी जिल्ला बारामा एकैसाथ हैजा विरुद्धको खोप अभियान सञ्चालन गर्न लागेको हो । दुवै जिल्लाका लागि गरी सरकारले विदेशबाट १० लाख १८ हजार १ सय डोज (खोप) नेपालमा आयात गरेको छ ।
आइतबार जिल्ला प्रशासन कार्यालय पर्सामा आयोजित कार्यक्रममा प्रमुख जिल्ला अधिकारी तोयनारायण सुवेदीले स्वास्थ्यकर्मीको हातबाट खोप खाएर अभियानको औपचारिक शुभारम्भ गरे । उनले खोप खान योग्य सबै उमेर समूहका व्यक्तिलाई खोप सेवन गरी आफू र परिवारलाई सुरक्षित राख्न आग्रह गरे ।
भदौ ६ गतेदेखि वीरगंज महानगरपालिकासहित पर्साका विभिन्न क्षेत्रमा फैलिएको हैजाको प्रकोप पूर्णरूपमा नियन्त्रणमा नआएपछि खोप अभियान शुरु गरिएको हो । स्वास्थ्य कार्यालय पर्साका जनस्वास्थ्य अधिकृत जयमोद ठाकुरले खोप अभियानले प्रभावित क्षेत्रका बासिन्दालाई रोगबाट जोगाउन र अन्य क्षेत्रमा महामारी फैलिनबाट रोक्न महत्वपूर्ण भूमिका खेल्ने बताए ।



स्वास्थ्य कार्यालय पर्साका अनुसार, असोज २६ देखि कात्तिक २ गतेसम्म सञ्चालन हुने अभियानमा पर्सा जिल्लाका ६ लाख ५४ हजार जनालाई इयूभिकोल–एस खोप लगाइने छ । खोप १ वर्षमाथिका सबै व्यक्तिलाई दिइने छ ।
अभियानलाई प्रभावकारी बनाउन जिल्लाका १४ पालिकामा १ हजार ९ सय ५० खोप केन्द्र स्थापना गरिएको छ । केन्द्रहरूमा स्थानीय पालिका कार्यालय, वडा कार्यालय, सरकारी तथा निजी अस्पताल, सामुदायिक र निजी विद्यालय, कलेज, सरकारी कार्यालय, गैरसरकारी संस्था, मन्दिर, मस्जिद, चर्च, गुम्बा, बसपार्क, नेपाल–भारत सीमा नाका र उद्योग–कलकारखाना समावेश छन् ।
अभियानमा १ हजार ५ सय ४४ जना महिला स्वास्थ्य स्वयंसेविका र ३ सय ५० जना स्वास्थ्यकर्मी गरी कुल १ हजार ८ सय ९४ जनशक्ति परिचालन गरिएको छ । ठाकुरले अभियानले हैजाको प्रकोप नियन्त्रण र थप फैलावट रोक्न महत्त्वपूर्ण योगदान दिने बताए । सरकारले पर्सा र बाराका लागि विदेशबाट १० लाख १८ हजार १ सय डोज खोप आयात गरेको छ ।
भदौ ६ गते वीरगंजमा पहिलोपटक तीन जनामा हैजाको सङ्क्रमण पुष्टि भएको थियो । असोज २१ गतेसम्म पर्सामा २ सय ४५ जनामा हैजाको सङ्क्रमण पुष्टि भए पनि सबै उपचारपछि निको भएर घर फर्किसकेका छन् । डेढ महिना बितिसक्दा पनि सङ्क्रमणको स्रोत पत्ता लाग्न सकेको छैन । यद्यपि, हैजाका कारण कसैको मृत्यु भएको छैन ।
खोप अभियानको शुभारम्भमा स्वास्थ्य मन्त्रालय अन्तर्गतको बाल स्वास्थ्य तथा खोप शाखाका प्रमुख डा. अभियान गौतम, नेपाल चिकित्सक सङ्घ नारायणी शाखाका अध्यक्ष डा. मनोज कुमार गुप्ता, पर्सा प्रहरीका प्रमुख प्रहरी उपरीक्षक सुदीपराज पाठक, सशस्त्र प्रहरी बल नम्बर १३ गण हेडक्वार्टर पर्साका प्रमुख प्रहरी उपरीक्षक पूर्णचन्द्र भट्ट, सहायक प्रमुख जिल्ला अधिकारी सुमन कुमार कार्की, पर्सा प्रहरीका प्रवक्ता प्रहरी नायब उपरीक्षक किशोर लम्साललगायतले खोप सेवन गरेका थिए ।
डा. गुप्ताले खोपको कुनै साइड इफेक्ट नभएको र १ वर्षमाथिका सबैले निर्धक्क खोप लिन सक्ने बताए । त्यस्तै स्वास्थ्य मन्त्रालय अन्तर्गतको बाल स्वास्थ्य तथा खोप शाखाका प्रमुख डा. अभियान गौतमले तिहारअघि नै पर्सा र बाराका सम्पूर्ण लक्षित स्थानीय तहमा अभियान सम्पन्न गर्ने लक्ष्य रहेको बताए ।
वीरगंज महानगरपालिकासहित ६ स्थानीय तहमा अभियान शुरु भएको छ, सोमबारदेखि अन्य स्थानीय तहमा पनि सञ्चालन हुने उनले जानकारी दिए । बारामा असोज २९ गतेदेखि खोप अभियान शुरु हुने छ । बाराका १६ पालिकामध्ये कलैया, जीतपुरसिमरा, परवानीपुर, प्रसौनी, फेटा र विश्रामपुरमा अभियान केन्द्रित हुनेछ । हैजा फैलिएपछि स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले खोप व्यवस्थासम्बन्धी अन्तर्राष्ट्रिय समन्वय समूह (आइसिजी) सँग खोप मागेको थियो । परिवार कल्याण महाशाखाको नेतृत्वमा विश्व स्वास्थ्य सङ्गठन र युनिसेफको प्राविधिक सहयोगमा अभियान सञ्चालित छ ।

# तीन दलका प्रमुख नेतालाई बिदाइ गरौँः थापा

**काठमाडौँ ।**
नेपाली कांग्रेसका महामन्त्री गगन थापाले नेपाली राजनीतिमा नयाँ संवाद र सुधारको शुरुवात गर्न तीन प्रमुख दलका शीर्ष नेताहरूलाई बिदाइ गर्नुपर्ने प्रस्ताव अघि सारेका छन् । आइतबार सामाजिक सञ्जालमार्फत सार्वजनिक भिडियो सन्देशमा थापाले कांग्रेस, एमाले र माओवादी केन्द्रका पुराना नेताहरूलाई लक्षित गर्दै अब नयाँ पुस्तालाई नेतृत्व सुम्पिनुपर्ने बताएका छन् ।
‘तीन दलका तीन प्रमुख नेतालाई बिदाइ गरौं, संवादको नयाँ वातावरण प्रारम्भ गरौँ,’ थापाले भनेका छन्, ‘अब हामीले नयाँ सोच, नयाँ ढंग र नयाँ पुस्तासँग अघि बढ्नुपर्ने समय आएको छ ।’
कांग्रेसभित्र पार्टी महाधिवेशनको निरन्तर माग गर्दै आएका थापाले यो कुरा केबल आफ्नै पार्टीका लागि मात्र नभई समग्र राजनीतिक प्रणालीका लागि पनि आवश्यक रहेको बताएका छन् । उनका अनुसार, नेतृत्वमा नयाँ ऊर्जा, दृष्टि र विचार ल्याएबिना देशको दीर्घकालीन समाधान सम्भव छैन । थापाले एमाले र माओवादी केन्द्रका कार्यकर्ताहरूप्रति पनि आह्वान गर्दै भनेका छन्, ‘म एमाले र माओवादीका साथीहरूलाई पनि भन्न चाहन्छु—हामीले आफ्ना तीनवटै नेताहरूलाई प्रष्ट भन्नुपर्छ, अब ‘नो मोर’ ।’
उनका अनुसार, नेतृत्व फेर्दैमा सबै समस्या समाधान नहुन सक्छ, तर वर्तमान संरचनाले दीर्घकालीन समाधान दिन नसक्ने स्पष्ट भइसकेको छ । उनले आफूहरू पनि समयसापेक्ष नठहरे पदबाट पछि हट्न तयार रहेको जिकिर गरे । थापाको यो अभिव्यक्ति देशमा नयाँ पुस्ताको राजनीतिक उदय र पुरानो नेतृत्वको स्थायी प्रभावबीचको द्वन्द्वलाई पुनः सतहमा ल्याएको रूपमा हेरिएको छ ।

# संसद् विघटनविरुद्धका रिट मंगलबारदेखि दर्ता हुने

**काठमाडौँ ।**
सर्वोच्च अदालतले संसद् विघटनसम्बन्धी रिट निवेदनहरू आगामी मंगलबार (असोज २८ गते) देखि दर्ता गर्ने निर्णय गरेको छ । आइतबार बसेको सर्वोच्चको फुलकोर्ट बैठकले निर्णय गरेको हो ।
भदौ २७ गते प्रधानमन्त्री सुशीला कार्कीको सिफारिसमा प्रतिनिधिसभा विघटन भएको थियो । निर्णयविरुद्ध रिट दर्ता गर्न नेपाली कांग्रेस, एमाले र कानुन व्यवसायीहरू तयारी अवस्थामा रहेका छन् ।
जेन्जी आन्दोलनका कारण भदौ २४ गतेदेखि सर्वोच्च अदालतको नियमित सेवा पूर्ण रूपमा अवरुद्ध भएको थियो । यो अवधिमा केवल बन्दीप्रत्यक्षीकरणसम्बन्धी निवेदनहरू मात्र दर्ता र सुनुवाइ हुँदै आएका थिए ।
सर्वोच्चका प्रवक्ता अर्जुनप्रसाद कोइरालाका अनुसार आइतबारको निर्णयले अदालतका सेवाहरूलाई क्रमशः पुनःसञ्चालन गर्ने व्यवस्था मिलाइएको छ । उनका अनुसार अब संविधानको धारा १३३ अन्तर्गतका असाधारण क्षेत्राधिकारका रिटहरूसँगै, देवानी र फौजदारी कार्यविधि अन्तर्गतका निवेदनहरूको पनि दर्ता र सुनुवाइ हुने भएको छ ।
कोइरालाले जारी गरेको विज्ञप्तिमा भनिएको छ, ‘पूर्ण बैठकको निर्णयानुसार यस अदालतमा दर्ता हुने रिट निवेदन, मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा १५७ तथा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ७३, १३७ र १५५ का निवेदनहरु मिति २०८२।६।२८ गतेबाट दर्ता एवम् सुनुवाई हुने र अन्य सेवाहरु पुनः सूचना जारी भएपछि मात्र सञ्चालन हुने बेहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।’

# क्षतिको विवरण पठाउन आयोगको अनुरोध

**काठमाडौँ ।**
भदौ २३ र २४ गते भएको जेन्जी आन्दोलन सम्बन्धी घटनाको जाँचबुझका लागि गठन गरिएको आयोगले प्रदर्शनका क्रममा भएको क्षतिको विस्तृत विवरण पठाउन अनुरोध गरेको छ ।
आयोगका सदस्य एवम् प्रवक्ता विज्ञान राज शर्माले आइतबार विज्ञप्ति जारी गर्दै राजनीतिक दल, संघसंस्था तथा व्यक्तिगत सम्पत्तिमा भएको क्षतिको यथार्थ विवरण आयोगलाई पठाउन आग्रह गरेका हुन् ।
विज्ञप्तिमा भनिएको छ, ‘प्रदर्शनका क्रममा काठमाडौं लगायत मुलुकका विभिन्न भागमा राजनीतिक दल, संघसंस्था र व्यक्तिगत सम्पत्तिमा भएको क्षतिको यथार्थ विवरण तपसिल बमोजिमको ढाँचामा आयोगको इमेल ठेगाना मा पठाउनुहुन साथै घटनालाई पुस्ट्याइँ गर्ने प्रमाणहरू जस्तै श्रव्यदृश्य, फोटो र कागजातहरू भए सो समेत यस आयोगमा उपलब्ध गराउन हुन अनुरोध गरिन्छ ।’ जेन्जी आन्दोलनका क्रममा देशका विभिन्न भागमा भएको तोडफोड, आगजनी र सम्पत्ति क्षतिको यथार्थ विवरण संकलन गरी आयोगले सरकारलाई प्रतिवेदन बुझाउने तयारी गरेको छ ।

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्कः वीरगंज महानगरपालिका-१३, पर्सा, मोबाइल नं.-९८५५०२१२८१, कार्यालयः जनकपुरधाम-२, भानुचोक, किशोरी नगर, फोन नं.-०४१-५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन